Vol. 1, Issue 9, July-August, 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष १, अंक ९, साउन २०७१, मूल्य रू ३०।-



## हरियो फेसन

साउनको आकर्षण

मेहन्दीको महत्व

ल्हासा हुँदै सगरमाथा


calvinklein.com
watches
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg, Kathmandu, Nepal.
Calvin Klein
swiss made

# Maruni Sanctuary Lodge

सौरहा, चितवन राष्ट्रिय निकुञ्ज




*Wherever you are, we are always at your service*

KGH HOTELS

**Maruni Sanctuary Lodge Features:**
32 deluxe rooms in individual huts and African style long house, exclusive hunters restaurants, conference hall, machans all in 9 acres of private woodland  Tel : 056 580 160

**Kathmandu Guest House,** Thamel, 4700632
**Park Village Resort,** Buddhanilkantha, 4375280
**Waterfront Resort,** Lake Side, Pokhara, 61466304
**Buddha Maya Gardens,** Lumbini, 71580220
**Maruni Sanctuary Lodge,** Chitwan, 56580160
**Park Vision Inn,** Nagarkot, 06205839

pvh@wlink.com.np | www.ktmgh.com | www.kghhotels.com

Vol. 1, Issue 9, July-August, 2014

Hot Nepal Monthly

# हट नेपाल

वर्ष १, अंक ९, साउन २०७१

**मनोरञ्जन र जीवनशैली मासिक**




आवरण तस्वीर : शिवलाल श्रेष्ठ

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
शिवलाल श्रेष्ठ, अजय देशार

**मार्केटिङ**
बबिता सिंखडा

**कभर/लेआउट डिजाइन**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटेछें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
प्रिजम कलर स्क्यानिङ एण्ड प्रेस
सपोर्ट प्रालि, कुलेश्वर, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१

## १६ साउनको आकर्षण

खासगरी साउन युवतीहरूको एकलौटी फेसनको महिनाजस्तो बनेको छ । परम्परागत मान्यताबाटै प्रभावित भएकाले यसलाई शहरमुखी र व्यस्ततामा पनि मनाउने गरिएको छ । मेहन्दी लगाउनेहरूको चोक चोकमा भीड बढ्ने गर्छ ।





## १८ मेहन्दीको महत्व

फेसनेवल बन्ने होडबाजीमा युवतीहरूले हातमा मात्र मेहन्दी नलाई पाखुरा, खुट्टामा समेत लगाउन थालेको पाइएको छ । मेहन्दीले शीतलता प्रदान गर्नुका अलावा छालामा भएका विभिन्न समस्या पनि निर्मूल पार्ने गर्दछ ।

## पलको सफलता/असफलता ३०

मध्यान्तरपश्चात फिल्म उल्टो घुम्छ र जहाँबाट सुरू भएको थियो, त्यहाँ एकछिन् टक्क रोकेर सकारात्मक परिवेशबाट कथाको अर्को पाटो सुरू हुन्छ। 'हुन्छ' भन्नुपर्नेमा 'हुँदैन' र 'सकिन्छ' भन्नुपर्नेमा 'सकिंदैन' मात्र भन्दा जीवनमा कति परिवर्तन आउँदो रहेछ भन्ने यथार्थ प्रस्तुतीकरण यो फिल्ममा गरिएको छ।






## ३४ ल्हासा हुँदै सगरमाथा

सुन्दर र विशाल सगरमाथा र लामो हिमशृंखलाका सयौं टाकुराहरु पार गरेर तिब्बतमाथि उड्दाका दृश्यहरु मेरो मानसपटलमा सधैंका लागि बसेका छन् । लामो समयदेखि विदेशीहरूका लागि निषेधित ल्हासाको पोताला दरबार र जोखाङ मन्दिरले यस क्षेत्रलाई सुनमाथि सुगन्ध थपेको आभास हुन्छ ।

## भौकाजीको सिर्जनयात्रा ३८

अरू एल्बममा शब्दमा संगीतको प्रयोग हुने गरे पनि मन-मोहिनीमा विमल भौकाजीले संगीतमा शब्दको प्रयोग गरेका छन्। धुन तयार भएपछि मात्र उक्त धुनलाई सुहाउँदो शब्द चयन गरेर फटाफट लेख्ने कार्य उनीबाट भएको छ। जसमा दुईजना बाहेक तेस्रो व्यक्तिको उपस्थिति छैन ।



Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# हरियो साउन

असारमा सुरू भएको मनसुनी वर्षाले साउन सुरू हुँदा नहुँदै आफ्नो रंग देखाउन थालिसकेको छ । साउनको रंग हरियो हो । यो महिनामा जताततै हरियोको प्राधान्य हुन्छ । गाउँघरका खेतबारी, डाँडापाखा मात्र हैन शहरका छानामा पनि हरिया वनस्पतिको उपस्थिति देख्न सकिन्छ । प्रकृतिमा रहेको उर्वराशक्तिको प्रस्फुटन यही साउन महिनामा भएको हुन्छ । मनसुनी वर्षाको स्पर्श पाउनासाथ प्रकृतिमा सुषुप्त रूपमा रहेको हरित शक्ति जागृत हुनथाल्छ । त्यो जागृतिको महिना साउन हो । त्यसैले साउनमा जताततै हरियोकै साम्राज्य देख्न सकिन्छ । प्रकृतिमा मात्र हैन मानिस र अन्य जीवजन्तुमा पनि यो महिना हरियोको प्रभाव परिरहेको हुन्छ । भनाइ नै छ– साउनमा आँखा फुटेको गोरूले बाह्रै महिना हरियो देख्छ । साउन उर्वर महिना भएकोले सम्पूर्ण प्राणीले खानाका लागि तड्पिनु पर्दैन अनि हरिया वनस्पतिले प्रशस्त अक्सिजन आपूर्ति गर्ने भएकाले स्वास्थ्य पनि राम्रो हुने हुन्छ । प्रकृति त हरियो हुन्छ नै, त्यसैलाई साथ दिंदै महिलाहरूले यो महिनामा हरिया परिधानलाई विशेष प्राथमिकता दिने गरेका छन् । नेपाली हिन्दु महिलाहरूले केही वर्ष अगाडिसम्म साउने व्रत बस्ने, हरिया कपडा, पोते अनि मेहन्दी लगाउने प्रकृयालाई सामान्य रूपमा लिने गरे पनि बदलिँदो समयसँगै यसको रूप परिवर्तन भएको छ । यो साउनलाई विशेष रूपमा स्वागत गर्ने र छुट्टै उल्लासका साथ मनाउने क्रम पछिल्ला वर्षहरूमा बढ्दै गएको छ । त्यसैले साउन प्रौढ र युवा सबै किसिमका महिलाका लागि विशेष महिनाका रूपमा आउने गरेको छ । यो महिनामा व्यवसायीहरूमा नयाँ नयाँ परिधानको सिर्जना गर्ने जाँगर चलेको हुन्छ भने फेसन पारखीहरूमा छनौटको लहर छाएको हुन्छ ।

साउन जीव र वनस्पति सबैका लागि उर्वर महिना हो तर महिलाहरूले यो महिनालाई विशेष स्वागत र सम्मान गर्ने गरेको लामो परम्परा छ । साउन महिनाभर कहीं कतै भोजभतेर तथा सभा–समारोहमा नेपाली महिलाहरूले हरिया फेसनलाई महत्व दिने गरेको देखिन्छ । कतिले रहरले गरेको पाइए पनि वर्तमान समयमा साउनमा हरियो अर्थात् ग्रीन फेसन गर्नुपर्दछ भन्ने अवधारणा नै पैदा भइसकेको छ । साउनमा हरियो लगाउनाले महादेव खुसी हुने धारणाले मात्र हैन त्यसभन्दा बढी नै बुझेर युवतीहरु यसप्रति आकर्षित हुने गरेका छन् । साउनमा लगाउने ग्रीन फेसनेवल ड्रेसको जोहो गर्न तथा नयाँ ट्रेन्डको डिजाइन तयार पार्न विभिन्न बुटिकमा धाउनेहरूको संख्या बढ्दै गएको छ । साउने ग्रीन फेसनको ट्रेन्ड अनुरूपका ड्रेस डिजाइन गर्ने कार्य एक महिना अगाडिबाटै डिजाइनरहरूले गर्ने गरेका छन् । प्रकृति तथा समय सुहाउँदो भएबाट यसप्रकारको फेसनलाई स्वाभाविक मान्ने गरिएको छ । कुनै जमानामा ग्रीन फेसन भन्नाले परम्परागत सारी तथा कुर्ता–सलवार मात्र हुने भए पनि हाल त्यसमा मोडिफाई भएको छ । सारी र कुर्ता–सलवारमा नयाँ डिजाइन आउने क्रम जारी रहेको छ । अर्कोतर्फ हाफपाइन्ट तथा मिनिस्कर्ट तथा स्कर्टको समेत ग्रीन फेसन चल्तीमा आउन थालेको छ । युवा पुस्ताको चाहना बमोजिम मोडिफाइड हुँदै गएको ग्रीन फेसनको आकारमा आएको वृद्धिले समयलाई आँकलन गर्ने कार्य पनि भएको छ । साउनमा नै बस्ने गरेको सोमबारे व्रतको लहर पनि युवा पुस्तासम्म फैलिएको छ । विवाहित महिलाले श्रीमान्को आयु तथा आरोग्यता र अविवाहिताले असल श्रीमान् पाउने अभिलाषामा लिइने साउने व्रतको महिमा भए पनि पछिल्लो समय यसलाई व्यापक अर्थमा लिई शारीरिक रूपमा स्लीम हुने होडको रूपमा विकास गर्ने कार्य पनि हुन थालेको छ ।

परम्परागत रूपमा विकास हुँदै आएको व्रत परम्परालाई शारीरिक सुन्दरतामा अभिवृद्धि गर्ने मौका तथा अवसरको रूपमा लिइनुलाई नकारात्मक रूपमा लिनु आवश्यक छैन । फेसनकै रूपमा भए पनि आफ्नो परम्परालाई निरन्तरता दिनु उत्तम कार्य हो । राम्रोको नाममा भड्किदो पहिरन तथा व्रतको नाममा ज्यानलाई नै खतरा हुने गरेर पानी पनि नखाई व्रत बस्ने फेसनलाई भने राम्रो भन्न सकिँदैन । धार्मिक, भावनात्मक तथा शारीरिक सबै दृष्टिकोणले यो तरिका ठीक छैन । मीठा परिकार खाने र रमाइला चाडपर्व मनाउने सन्दर्भमा पनि साउनको महिमा ठूलो छ । असारमा धान खेतमा दही–चिउरा खाएर रमाइलो गरिएकोमा यो महिना खीर खाने चलन छ । साउन चाडबाडको सुरूवात हुने महिना पनि हो । यही महिनामा नागपञ्चमी, जनैपूर्णिमा, घण्टाकर्ण, बोलबम, गुँलाधर्म, गौरापर्वलगायतका चाडपर्व पर्छन् । असार अलि व्यस्त महिना भए पनि साउनचाहिँ केही फुर्सदिलो महिनामा पर्छ । असारमा रोपिएका बालीनाली भर्खर सर्न थालेका हुन्छन्, तिनको गोडमेलको समय अलि भइसकेको हुँदैन । त्यसैले चाडबाडमा रमाउन, फेसनमा भुल्न मानिसलाई प्रशस्त समय हुन्छ । यो समयको सदुपयोग किन नगर्ने ? तर समयको सदुपयोग गर्ने भन्दैमा आफ्नो औकातलाई भने सबैले ख्याल गर्नैपर्छ अनि आधुनिकताको नाममा परम्परालाई विकृति उन्मुख हुन दिनु पनि हुँदैन ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

राम्रोको नाममा भड्किदो पहिरन तथा व्रतको नाममा ज्यानलाई नै खतरा हुने गरेर पानी पनि नखाई व्रत बस्ने फेसनलाई भने राम्रो भन्न सकिँदैन । धार्मिक, भावनात्मक तथा शारीरिक सबै दृष्टिकोणले यो तरिका ठीक छैन । मीठा परिकार खाने र रमाइला चाडपर्व मनाउने सन्दर्भमा पनि साउनको महिमा ठूलो छ ।

## मनसुन कभर मन पऱ्यो

नेपाली समसामयिक पत्रिकाहरूको भीडमा बेग्लै छवि राख्न सफल हट नेपालको अंक ८ पनि हेर्ने मौका पाएँ । यो पत्रिकाले अंक ८ सम्म आइपुग्दा निक्कै प्रगति गरेको मैले महसुस गरेकी छु । पत्रिकाको साज-सज्जा तथा लेआउटले मलाई आकर्षित बनाएको छ । अंक ८ को कभर नायिका गरिमा पन्तको चित्ताकर्षक मनसुनी तस्वीर मलाई असाध्यै मन पऱ्यो । कभर तस्वीर खिच्ने फोटोग्राफर शिवलाल श्रेष्ठलाई हार्दिक बधाई भन्न चाहन्छु ।

*- शारदा श्रेष्ठ*
*अनामनगर, काठमाडौं ।*

## हरेक अंक विशेष अंक

हरेक अंकलाई विशेष अंक बनाउने प्रयास हट नेपालबाट प्रवेशांकबाट नै भएको पाइएको छ । अंक ८ असार अंकलाई असारे मनसुनी अंक बनाउने प्रयास हट नेपाल टीमबाट भएको छ । जुन निक्कै सह्राहनीय कार्य हो । यसप्रकारको कार्यलाई निरन्तरता दिएर अघि बढ्न मेरो हार्दिक सुझाव रहेको छ ।

*- रुस्का पराजुली*
*सानेपा, ललितपुर*

## उत्कृष्ट सम्पादकीय

नेपाली पत्रिकाको माझमा छुट्टै विशेषता बोकेको हट नेपालको एउटा विशेषता भनेको यसको मौलिक ढंगको सम्पादकीय हो । कुनै एउटा विषयमा विचारोत्तेजक सम्पादकीय लेखिने गरेकोले पाठकलाई एउटा धारणा बनाउन मद्दत पुग्ने गरेको छ । अंक ८ मा मनसुन सम्बन्धी सम्पादकीय निकै तार्किक र घतलाग्दो छ । वास्तवमा सम्पादकीयमा उल्लेख गरिएजस्तै कुनै पनि महिना र मौसम आफैमा नराम्रा हुँदैनन्, नराम्रो त हाम्रो सोच हो । यदि सोच बदल्ने हो भने नराम्रोमा पनि राम्रो देख्न सकिन्छ अनि कठिनाइमा पनि आनन्द लिन सकिन्छ । सम्पादकीयमा व्यक्त यस किसिमका दार्शनिक अभिव्यक्तिले मेरो मन छोयो । यस किसिमका विचारोत्तेजक र सकारात्मक सोचका सम्पादकीय लेख्ने हट नेपालका प्रधान सम्पादक बधाई र धन्यवादका पात्र हुनुहुन्छ । उहाँबाट आगामी दिनमा पनि यसै किसिमका अभिव्यक्ति आइरहुन् भन्ने अपेक्षा गर्दछु ।

*- दिनेश चापागाई*
*त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर*




## बच्चा नपाउने निर्णय जायज

हट नेपालको अंक ८ बाट नै नायक श्रीकृष्ण श्रेष्ठ र नायिका श्वेता खड्काबीचको प्रेम-प्रसंग र विवाहको जानकारी ब्रेकिङ् भएको छ । हट नेपालले लेखेपछि नै दुवैले असार २३ गते विवाह गरे । हाल त दुवै भारतको सिम्लामा हनिमुन मनाएर फर्कने तर्खरमा रहेका छन् । दुवैले विवाह पश्चात तत्काल बच्चा नपाउने निर्णयको खुलासा पनि हट नेपालबाट गरेको कुरा मलाई मन पऱ्यो । दुईचार वर्ष रमाइलो तथा मोजमस्ती दुवैले गर्न पाउनु पर्दछ ।

*- सुमन जोशी*
*तरहरा, सुनसरी*

## गरिमालाई बधाई

हट नेपाल अंक ८ मा संगृहीत सबै विषयवस्तु मलाई समसामयिक तथा सान्दर्भिक नै लाग्यो । नेपाली नायिका गरिमा पन्तले पहिलोपल्ट अन्तर्राष्ट्रिय अवार्ड पाएको खबर हट नेपालबाट नै पाएँ । यसबाट म नेपाली चलचित्र प्रेमी भएको हैसियतले मलाई अत्यन्त खुसी लागेको छ । अन्तर्राष्ट्रिय अवार्डेड नायिका गरिमा पन्तलाई हार्दिक बधाई ।

*- अमिता डंगोल*
*स्वयम्भुनाथ, स्वयम्भु*

## चिनियाँ लेख-रचना चाहिन्छ

हट नेपालको प्रवेशांकदेखि अंक ८ सम्म आइपुग्दा पनि निरन्तर चिनियाँ विषयवस्तुका सांस्कृतिक तथा कलासम्बन्धी लेख-रचना पढ्न पाइरहेको छु । हट नेपालले चीनको बारेमा धेरै कुरा जानकारी दिएको छ । चिनियाँ पृष्ठभूमिका लेख-रचना नियमित प्रकाशित गर्ने कार्यमा बिराम नलाउन हट नेपाल टीमलाई आग्रह गर्दछु ।

*- विष्णु शर्मा*
*बाह्रबिसे, सिन्धुपाल्चोक*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal



## स्वर्णिमा भइन् हिमालय प्रिन्सेस नेपाल



'आन्तरिक पर्यटनको विकासमा युवाको सहभागिता' भन्ने विश्वासका साथ आयोजना भएको नेपालकै पहिलो एडभेन्चर्स एवं पृथक सौन्दर्य प्रतियोगिताको ताज स्वर्णिमा शाक्यले जितेकी छन् । त्यसै गरी फस्ट रनरअप विना अधिकारी र सेकेन्ड रनरअप सुवासी श्रेष्ठ भए । अन्य टाइटल अवार्डमा वेस्ट ड्रेस इशा खत्री, फोटोजेनिक प्रलिता राना मगर, स्माइल रिसा अवाले, फ्रेन्डशिप अंकिता शाह, हेयर श्वेता श्रेष्ठ, कम्प्लेक्सन ओजस्वी श्रेष्ठ, पर्सनालिटी विदुषी दाहाल, डिसिप्लेन प्रीति जयसवाल, ट्यालेन्ट रिनु महर्जन र एडभेन्चरमा बुनु खड्काले अवार्ड प्राप्त गरेका छन् । विजेता तथा उपविजेतालाई विभिन्न गिफ्ट ह्याम्पर प्रदान गरिनुका साथै म्यूजिक भिडिओ, विज्ञापनमा र आन्तरिक पर्यटन विकासका कार्यक्रमहरूमा सहभागी गराइने आयोजकले जनाएको छ । १६ देखि २२ वर्ष उमेरका युवा महिलाहरूको विकास संगै नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य रहेको उक्त कार्यक्रमको आयोजना रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले गरेको थियो । कार्यक्रमको कोरियोग्राफी राज फैजुले गरेका थिए । कार्यक्रमको निर्णायकहरूमा कलाकार नम्रता श्रेष्ठ, गजित विष्ट, डिजाइनर मञ्जु बन्जारा ढकाल, गायिका शशी रावल, मोडल सिम्पल खनाल, पत्रकार सिर्जना दुवाल श्रेष्ठ र संचारकर्मी दीपेन्द्र घिमिरे रहेका थिए ।

## रिया बजाजलाई मिस एसएसलीको ताज



स्कुले जीवनमा फलामे ढोका मानिएको एसएलसी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएको खबरले खुसी त छँदै थिइन्, त्यसमाथि मिस एसएसली २०१४ को ताजले अर्को खुसी थपिदियो रिया बजाजलाई । एसएसली परीक्षा दिएर बसेका छात्राहरूको प्रतिभा उजागर गर्ने उद्देश्यले आयोजित मिस एसएसली २०१४ को उपाधि धरान ७ की १६ वर्षीया रियाले पहिरिइन् । धरान जेसिजले आयोजना गरेको प्रतियोगितामा उनले ताजसँगै नगद २० हजार पाइन् । उनलाई धरानकै डिपोट उच्चमाविले प्लस टु अध्ययन गर्न छात्रवृत्ति पनि दिएको छ । यसैगरी धरानकी रोशिमा राई फष्ट रनरअप भइन् भने संगीता राई सेकेण्ड रनरअप भइन् । प्रतियोगितामा सेवा लिम्बूले मिस फ्रेण्डशिपको टाइटल जितिन् भने जेनिशा थापाले मिस डिसिप्लिन, सुनैना ताम्राकारले वेष्ट ड्रेस, रेसिका निरौलाले मिस फोटोजेनिक र सायना सुनुवारले मिस ब्युटिफुलको टाइटल हात पारिन् ।

## राष्ट्रव्यापी फोटो तथा चित्रकला प्रतियोगिता हुने

समाजका विभिन्न स्थानमा लुकेर रहेका प्रतिभालाई बाहिर ल्याउने उद्देश्यले राष्ट्रव्यापी फोटो तथा चित्रकला प्रतियोगिता तथा प्रदर्शनी गरिने भएको छ । ललितपुरको सौगलस्थित योङ पिकासो सामुदायिक चित्रकला प्रशिक्षण केन्द्रले उक्त प्रतियोगिताको लागि प्रतिभावान् कलाकारलाई आवेदन आह्वान गरेको छ । प्रतियोगितालाई तीन समूहमा विभाजन गरिएको आयोजक योङ पिकासोले जनाएको छ । जसअनुसार, चित्रकलातर्फ कक्षा १ देखि ८ सम्मका जुनियर विद्यार्थीका लागि एउटा प्रतिस्पर्धा र चित्रकलामा रूचि भएका जसले पनि खुल्ला प्रतिस्पर्धा गर्न पाउने छन् । फोटो प्रतियोगिताका लागि भने जो कोहीले पनि सहभागिता जनाउन पाउने छन् । प्रतियोगीले नेपाली जनजीवनलाई आफ्नो चित्र तथा फोटोको मुख्य भावका रूपमा प्रस्तुत गर्नुपर्नेछ । कुनै पनि प्रकारका अमूर्त कलालाई मान्यता भने नदिइने केन्द्रका निर्देशक अजय देसारले स्पष्ट पारेका छन् । शारीरिक रूपमा अशक्त प्रतियोगीका लागि विशेष सुविधा समेत दिइने निर्देशक देसारले बताएका छन् । प्रतियोगितामा भाग लिन आउने प्रत्येक कलाकारलाई कलाकारहरूको समूहलाई 'रस ग्रुप अफ फाइन आर्ट' को निःशुल्क सदस्यता प्रदान गरिने छ ।

## क्लासिक लिटल मिस एण्ड मास्टरमा अर्ची र कुशल



बालबालिकाको प्रतिभा प्रदर्शनको प्रमुख उद्देश्य बोकेको क्लासिक लिटल मिस एण्ड मास्टर नेपाल २०१४ सम्पन्न भएको छ । ९ देखि १४ वर्ष उमेर समूहका बाल-बालिकाबीच काठमाडौंको प्रज्ञाभवनमा आयोजित कार्यक्रममा सहभागी ४० जना बाल-बालिकाबीच भएको ग्रान्ड फाइनलमा क्लासिक लिटल मिस नेपाल अर्ची जोशी बनेकी छन् । फस्ट रनरअप मुस्कान वैद्य तथा सेकेण्ड रनरअपको ताज समी मालीले पहिरेकी छन् । त्यसै गरेर लिटल मास्टर नेपाल कुशल मोक्तान बनेका छन् । मंजिल श्रेष्ठ फस्ट रनरअप तथा प्रनिश न्यौपाने सेकेण्ड रनरअप बनेका छन् । क्लासिक इभेन्ट म्यानेजमेन्टको आयोजनामा उक्त प्रतियोगिता भएको हो । यसबाट बालबालिकाभित्रको प्रतिभा प्रदर्शन गर्न सफल भएको आयोजक क्लासिक इभेन्टका सिइओ स्वजन रघुवंशीले दाबी गरेका छन् । रघुवंशीले प्रत्येक वर्ष यसप्रकारको प्रतियोगिता गर्दैजाने बताए ।

## सीआरआई नेपाली सेवा ३९औं वर्षमा




चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई) नेपाली सेवाले ३९ औं वर्ष पूरा गरेको छ । यसै अवसरमा राजधानीमा असार ११ गते एक कार्यक्रमको आयोजना गरी सीआरआई नेपाली सेवाको ३९ औं वार्षिक उत्सव मनाइएको छ । सीआरआई श्रोता क्लबहरूको राष्ट्रिय परिषद् नेपालको आयोजना र क्यापिटल एफ ९२.४ मेगाहर्जको प्रायोजन रहेको उक्त कार्यक्रमको प्रमुख अतिथि संस्कृतिविद् सत्यमोहन जोशी रहेका थिए । करिब चार दशक अवधिमा नेपाली सेवामा भएका विविध सुधारका कार्यक्रम तथा आगामी दिनमा परिमार्जन गर्न सकिने विषयमा समारोहमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै संस्कृतिविद् जोशीले सीआरआई नेपाली सेवाले जनस्तरमा दुई देशबीचको सम्बन्ध विस्तारमा महत्वपूर्ण कार्य गरेको धारणा राखे । शान्ति र बन्धुत्वको विकासमा भाषाले प्रमुख भूमिका निर्वाह गर्ने बताउँदै उनले सरकारी स्तरभन्दा स्थानीय स्तरको सम्बन्ध विस्तारले दुई देशबीचको आपसी सम्बन्ध मजबुद बन्ने विचार राखे । कार्यक्रममा सीआरआई नेपाली सेवाकी प्रमुख वर्षाले चीनको राजधानी बेइजिङबाट पठाएको सन्देश सीएएमजी नेपालका उपाध्यक्ष रविले पढेर सुनाएका थिए । सन्देशमा वर्षाले सीआरआई नेपाली सेवाको प्रसारण समय अनुसार परिवर्तन र परिमार्जन गर्दै लगिएको तथा पछिल्ला संचार प्रविधिको प्रयोगले झनै लोकप्रिय बन्दै गएको धारणा राखेकी छन् । कार्यक्रममा क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले चिनियाँ अन्तर्राष्ट्रिय रेडियो सीआरआईले नेपाल र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध विस्तारका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको धारणा राखे । कार्यक्रममा नेपालस्थित चिनियाँ दूतावासका संस्कृति विभाग प्रमुख चङ पिङ, नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्वउपकुलपति गंगाप्रसाद उप्रेती, सीआरआई श्रोता क्लबहरूको राष्ट्रिय परिषद् नेपालका अध्यक्ष मानबहादुर खत्री लगायतले सीआरआई नेपाली सेवाले नेपाली भाषाको समाचार प्रसारणमा पुऱ्याएको योगदानको कदर गरेका थिए ।

## क्यापिटल एफएमको आठौं वार्षिकोत्सव

सेन्ट परसेन्ट योर्स भन्ने मूल नाराका साथ सञ्चालनमा आएको क्यापिटल एफएम आठौं वर्षमा प्रवेश गरेको छ । ८ वर्षअगाडि असार २६ गतेबाट क्यापिटल एफएम सञ्चालनमा आएको थियो । एफएमको आठौं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाइएको छ । रेडियो फ्रिक्वेन्सी मोडुलेसनको ९२.४ मेगाहर्ज र अनलाइनमा www.cfmonair.com मार्फत संसारभर प्रसारण भइरहेको क्यापिटल एफएम दैनिक १८ घण्टा सञ्चालन हुँदै आएको छ । हरेक घण्टा ताजा अनि फरक समाचारका साथ



क्यापिटल एफएमले विभिन्न सूचनामूलक तथा मनोरञ्जनात्मक सामग्रीहरू प्रसारण गर्दै आइरहेको छ । वार्षिकोत्सवका अवसरमा क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले शुभकामना सन्देश दिंदै क्यापिटल एफएमले निकट भविष्यमै पोखरा, चितवन र विराटनगरमा आफ्नो प्रसारण विस्तार गर्ने जानकारी दिए । अध्यक्ष पौडेलले क्यापिटल एफएमको पहुँच राष्ट्रिय रूपमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमा पनि यसको सञ्जालमार्फत वृद्धि गर्दै लैजाने योजना रहेको बताए । यस्तै कार्यक्रममा एफएमका प्रबन्ध निर्देशक सुशील राउतले नेपालको संचारमाध्यमले फड्को मार्नका लागि सञ्चार क्षेत्र बुझेका जनशक्ति आवश्यक रहेको धारणा राखे । कार्यक्रममा एफएमका निर्देशकहरु सुवोधचन्द्र श्रेष्ठ, बुद्धलाल श्रेष्ठ र व्याकुल पाठकले एफएमका विविध पक्ष र भावी कार्ययोजनाबारे प्रकाश पारेका थिए ।

## कांग्रेस प्रवक्ता कन्फ्युसियस क्लास रूममा



नेपाली कांग्रेसका प्रवक्ता दिलेन्द्रप्रसाद बडुले राजधानीस्थित एलआरआई स्कुलमा रहेको कन्फ्युसियस क्लास रूमको अवलोकन गरी त्यहाँका विविध गतिविधिबारे जानकारी लिएका छन् । नेता बडुले त्यस अवसरमा क्लास रूमको बैठक कक्ष, कक्षाकोठा तथा मल्टिमिडिया कक्षको अभिरूचिपूर्वक अवलोकन गरेका थिए । बडुलाई क्लास रूमका निर्देशकहरु शिवराज पन्त र चेन लिङयिङले क्लास रूमका विगत र वर्तमानका विविध गतिविधिबारे जानकारी गराएका थिए । बडुले क्लास रूम आफ्नो लक्ष्यमा सफल हुने विश्वास व्यक्त गर्दै नेपाल र चीनबीचको मित्रता अभिवृद्धि तथा सांस्कृतिक आदानप्रदानमा सघाउ पुऱ्याउने आशा राखे । बेइजिङ इन्टरनेशनल चाइनिज कलेज र एलआरआई स्कुलको संयुक्त प्रयासमा कन्फ्युसियस क्लास रूम एलआरआई सन् २०११ मा स्थापना भएको थियो । नेपालका तत्कालीन शिक्षामन्त्री र बेइजिङ महानगरपालिकाका मेयरले संयुक्त रूपमा क्लास रूमको उद्घाटन गरेका थिए ।



# हरियो फेसनको लहर

मोडल : सुनिता डंगोल (पूर्वमिस नेवा)

तस्वीर : शिवलाल श्रेष्ठ
तस्वीर स्टुडियो, बागबजार

मेकअप : जमुना महर्जन
रिफ्रेस ब्युटीपार्लर, नयाँबजार

ड्रेस डिजाइन : अनिता श्रेष्ठ
फ्यासिनो बुटिक, चावहिल

साउन महिनामा प्रायः महिलाहरु हरियो चुरा, हरियै सारी तथा हरियै पोते लगाएर सोमवारे व्रत बस्ने गर्छन् । व्रत नबसेका महिलाहरु पनि साउनको सोमबार व्रत बस्न निकै उत्साहित हुने गर्छन् । साउनको पहिलो सोमबार आउनु अघिल्लै दिनदेखि हरियो चुरा, पोते तथा सारी लाउनेको धुइरोदेखि हात र खुट्टामा मेहन्दी लाउनेको भीड अघिल्लो वर्षजस्तै यो वर्ष पनि देखिन थालिसकेको छ ।

विगत आठ वर्षयता कतिपय आधुनिक महिलाहरुमा साउन महिनामा हरियो चुरा, पोते तथा सारी लगाउनुको महत्व त्यति थाहा थिएन । परम्पराभन्दा ती महिलाहरुले चलेको चलनका रुपमा प्रयोग गर्दै आएको पाइयो । एक किसिमले यो एक प्रकारको फेसनको रुपमा विकास भएको भन्दा केही फरक पर्दैन । परम्पराको नाममा आएको साउन महिनाको सोमबारे व्रतको फेसनले एक प्रकारले नयाँ मोड पाएको छ ।

साउन महिनाको सोमबारे व्रत बस्नुको पछाडि अनि हरियो चुरा, पोते तथा सारी लगाउनुको रहस्य बेग्लै होला । हिन्दू धर्मग्रन्थले यस विषयमा अनेकन व्याख्या गरेका छन् । विवाहिताले व्रत बस्नुको पछाडि श्रीमान्को आयु तथा आरोग्यताको लागि हो । अविवाहिताको हकमा व्रत बस्नु असल श्रीमान् पाउनका लागि हो भनिएको छ ।

धर्मग्रन्थमा जे-जस्तो भनिए पनि वर्षमा या महिनामा एकपल्ट अझ सकेमा हप्तामा एकपल्ट व्रत बस्नु आफ्नै स्वास्थ्यका लागि राम्रो भएको वैज्ञानिक पुष्टि भइसकेको छ । यसलाई पूर्वमिस नेवा एवम् क्यापिटल एफएमकी कार्यक्रम प्रस्तोता सुनिता डंगोलले स्वीकारेकी छन् । यस कुरामा डंगोलले जस्तै पूर्वमोडल एवम् नायिका सम्झना खड्काले पनि सहमति जनाएकी छन् । आमा गोमा खड्काको धार्मिक आस्थाको कारण आफू पनि त्यसको सिको गर्दै मन्दिर जाने तथा वर्षमा एकपल्ट साउन महिनामा व्रत बस्ने गरेको उनी बताउँछिन् ।



मोडल : साहिमा श्रेष्ठ
तस्वीर : शिवलाल श्रेष्ठ

यद्यपि, साउन महिनामा श्रीमान्को आयु-आरोग्यता तथा असल श्रीमान् पाउनका लागि मात्र गरिने व्रतको रुपमा साउने व्रतलाई सम्झनाले लिएकी छैनन् । त्यो सोचअनुसार आफूले कहिले पनि व्रत नबसेको र भविष्यमा पनि नबस्ने उनले बताइन् । व्रत केही कुरा प्राप्तिका लागि भन्दा आफ्नो स्वास्थ्यलाई मेन्टन गर्नका लागि लिने गरेको रहस्य उनले खोलेकी छन् ।

शरीर घटाउने इच्छा हुनेहरुले व्रतको नाममा हिजो-आज डाइटिङ गर्ने कार्यमा पुरुषको तुलनामा महिला नै अग्रपंक्तिमा देखिएका छन् । यसलाई परम्पराभन्दा फेसनको रुपमा लिँदा हुने र हाल त्यस्तै हुँदै आएको बुझाइ पनि उनको छ ।

दर्जनौं गीतका भिडियो तथा विभिन्न फेसन-शो एवं विज्ञापनमा मोडलिङ गर्दागर्दै ताल, झांक्री तथा रणसंग्राम नामक तीन चलचित्रमा अभिनय गरिसकेकी नायिका खड्का नायक अमृत लामाकी पत्नी हुन् । एक छोरीकी आमा समेत बनिसकेकी उनी चलचित्रमा भन्दा हाल अमेरिकामा व्यस्त जीवन बिताइरहेकी छन् । व्यस्त जीवनमा पनि जीउ घटाउन साउने सोमबारे व्रत तथा फेसनको नाममा हरियो चुरा तथा हरियो ड्रेसमा सजिने जानकारी अमेरिकाबाट 'हट नेपाल'सँगको टेलिफोन वार्तामा बताइन् ।

यता चर्चित नायिका रेखा थापाले मोरङको सलकपुरदेखि आमाको सिकोमा श्रावण महिनाको व्रत बस्न थालेको र साउने हरियो फेसन गर्न थालेको बताएकी छन् । परम्परा र संस्कृतिभन्दा आमाको सिकोमा गरेको हुँदा साउन महिनाको सोमबारे व्रत बस्दैमा राम्रो श्रीमान् पाउँछु भन्ने कुरामा नायिका थापाले आफूलाई पटक्कै विश्वास नलागेको बताइन् ।

सार्क फिल्म फेस्टिवलमा उत्कृष्ट नायिका बनेर पहिलोपल्ट नेपाली चलचित्र उद्योगलाई अन्तर्राष्ट्रिय अवार्ड दिलाउन सफल नायिका गरिमा पन्तले हालसम्म साउन महिनाको सोमबारे व्रत नबसेको खुलासा 'हट नेपाल'बाट गरेकी छन् । 'मलाई साउने सोमबारे व्रतको खासै विश्वास छैन । योभित्र लुकेको परम्परा र तथ्यमा पनि पटक्कै विश्वास छैन । त्यसले गर्दा परिवारका अरू सदस्य व्रत बस्ने गरेको भए पनि मचाहिँ बसेकी छैन । हरियो ड्रेसअप चाहिँ कलाकार भएदेखि समयानुकूल फेसनेवल बन्न मात्र गरेकी हुँ', गरिमाको स्पष्ट जवाफ छ ।

अर्की नायिका झरना थापा प्रत्येक वर्ष श्रावणे व्रत बस्ने गरेको भए पनि यो वर्ष सासूको निधनमा शोक बार्नु परेकोले व्रत नबस्ने बताएकी छन् । हरियो, पहेंलो र रातो चुरा तथा हरियै पोते लगाउने रहरलाई पनि यो वर्ष थाँती राखेको झरनाले बताकी छन् । हाल ध्यान तथा योगमा व्यस्त दुई नायिका झरना वज्राचार्य र गौरी मल्लले साउने व्रतभन्दा ध्यानबाटै शरीरलाई मेन्टन गर्नमा आफूहरु लाग्ने बताएका छन् । कुनै समय साउने व्रत तथा साउने फेसन गरे पनि हालचाहिँ ध्यान नै जीवनको नयाँ मार्ग हो भन्ने विश्वासमा लागेको उनीहरूले खुलासा गरेका छन् ।

पछिल्लो पुस्ताकी चर्चित नायिका निशा अधिकारी र प्रियंका

कार्कीले साउने सोमबारे व्रतलाई त्यति महत्व दिएका छैनन् । त्यसप्रति खासै विश्वास नभएकोले कहिलेकाहीं शरीर मेन्टनको लागि बस्ने गरे पनि निरन्तरता नभएको बताएका छन् । हरियो फेसनमा चाहिँ कलाकार एवं मोडल भएकाले साउने प्रोग्राममा जाँदा सोही अनुरूपको फेसन गर्ने गरेको दुवैले बताएका छन् ।

### बढ्दो हरियो फेसन



पुरानो पुस्ताको तुलनामा नयाँ पुस्तामा साउन महिना आउनु अगाडि नै हरियो फेसनको लागि तयारी सुरू हुने गर्दछ । त्यसको लागि आवश्यक फेसनेवल ड्रेस डिजाइन गर्न नेपालका टप ड्रेस डिजाइनरदेखि नयाँ डिजाइनरकोमा समेत भीड लाग्ने गरेको छ ।

अघिल्ला वर्षको अनुभवलाई आधार मानेर यो वर्षका लागि आवश्यक हरियो फेसनेवल ड्रेसको डिजाइन तीन महिनाअगाडि नै तयार गर्न सुरू गरिएको तरूनिकाज बुटिकका बरिष्ठ ड्रेस डिजाइनर तरूनिका महतोले बताएकी छन् । यसले गर्दा तरूनिकामा यो वर्षको लागि आवश्यक हरिया सारीदेखि लेहेङ्गा, कुर्था र हाफ-पाइन्ट लगायतको फेसनेवल डिजाइन अग्रिम तयार गरेको जानकारी उनले दिएकी छन् ।

लण्डनकी प्रसिद्ध नेपाली फेसन डिजाइनर मनीषा डंगोल श्रेष्ठले यो वर्षबाट काठमाडौंको ढल्को लिंकरोडमा लण्डन फेसन हाउस खोलेकी छन् । लण्डनमा साउन आउनुअगाडि नै त्यहाँ रहेका नेपालीहरूले साउने हरियो फेसनेवल डिजाइनको माग गर्ने भएकाले नेपालमा त अझ धेरै माग हुने सोच र अनुभवले हरियो फेसनको डिजाइन अग्रिम तयार गरेको जानकारी उनले दिएकी छन् । नभन्दै साउन नलाग्दै पुरानाभन्दा नयाँ पुस्ताको बढी हरियो फेसनको माग बढेको उनको अनुभव छ ।

नेपाली नायिकाहरु माझ हाल निक्कै लोकप्रिय डिजाइनर शुभेच्छा भँडेल पनि हरियो फेसनको माग पहिलाको तुलनामा हाल निकै बढेको र हरियो सारीमा नयाँ डिजाइन खोज्नेहरु समेत कुर्था-पाइन्टमा समेत नयाँपन खोज्न थालेको जानकारी दिन्छिन् । शरीर सुहाउँदो हरियो फेसनको डिजाइन गर्न आउनेहरूको भीडले काममा भ्याइनभ्याई भइरहेको समेत उनले बताइन् ।

यता हिमालय प्रिन्सेस-२०१४ मा सहभागी १६ देखि २२ वर्ष उमेर समूहका १३ जना सुन्दरीहरूमा पनि हरियो फेसनको बढी नै मोह भएको पाइयो । साउनमा हरियो फेसन गर्नुको मज्जा नै बेग्लै रहने गरेको र साथमा मेहन्दी लगाएर साउनलाई हरियाली बनाउन आवश्यक रहेको उनीहरूको धारणा छ । सुभाषी श्रेष्ठ साउनमा खासै व्रत बस्न रहर नभए पनि हरियो फेसन गर्न पछि नहट्ने बताउँछिन् । अर्की प्रतियोगी स्वर्णिमा शाक्य साउनमा हरियोको महत्व नै बेग्लै हुने भएकोले पनि ग्रीन फेसनको लहर बढेको धारणा राख्छिन् ।

हिमालय प्रिन्सेस-२०१४ कै प्रतियोगी अंकिता शाह ग्रीन फेसनमा नयाँपन आउनु आवश्यक भएको बताउँछिन् । पुरानै ढर्रामा ग्रीन फेसनको नाममा सारीमा मात्र सजिने परम्परा तोडिनु पर्दछ । सारी, कुर्था, लहेङ्गा, पाइन्ट तथा टी-सर्टमा ग्रीन फेसनको नौलो रूपको विकास हुन आवश्यक छ । नयाँ पुस्ताले पुरानो परम्परामा नयाँपन खोजिरहेको र त्यसअनुरूप डिजाइनरहरूले डिजाइन तयार गरिरहेको तथ्य बुनु खड्काले औंल्याएकी छन् ।

### मेहन्दीको बेग्लै ग्ल्यामर

साउन महिना आउनुअगाडि नै काठमाडौंको पुतलीसडकस्थित दिदीबहिनी गर्लस् होस्टेलमा बस्ने विद्यार्थीमाझ मेहन्दी लगाउने प्रतियोगिता नै प्रत्येक वर्षजस्तो यो वर्ष पनि भएको थियो । विशेष गरेर टाटु स्टाइलमा शरीरलाई ग्ल्यामर देखाउन मेहन्दी लगाउने हाल व्यापक प्रचलनमा आएकोले आफूलाई पनि त्यसप्रकारको मेहन्दी फेसन मन परेको होस्टेल संचालिका पुनम प्रधानको भनाइ छ ।

मेहन्दी कलामा दक्ष प्रीति जैसवाल साउनमा हरियो ड्रेसअपको महत्व भएजस्तै मेहन्दी कलाको पनि त्यतिकै महत्व रहेको र हरियो फेसनमा थप चाँद थप्ने कार्य यसबाट भएको धारणा राख्छिन् । छालाको रोगलाई मेहन्दीको रंगले मेटाइदिने परम्परागत अवधारणाले मेहन्दी लगाउने प्रचलन पहिला हातमा मात्र भएकोमा हाल आएर



नायिका श्वेता खड्का







तस्वीरहरू : अजय देशार

शरीरका विभिन्न स्थानमा टाटु गरेजस्तै मेहन्दी लगाउने चलनले व्यापकता पाएको छ । मेहन्दीप्रतिको आकर्षण र महत्वले मेहन्दी तालिम केन्द्रहरु काठमाडौं र काठमाडौं बाहिरका शहरहरुमा यत्रतत्र देखिन थालेको छ ।

काठमाडौंमा कुनैबेला रत्नपार्क, बागबजार, न्यूरोडका सडकमा बसेर मेहन्दी लगाइदिने कार्य सुरू गरेका मुम्बई मेहन्दी ट्रेनिङ्ग सेन्टरका कुलदीप कुमार हाल मेहन्दीको तालिमबाटै समृद्ध बनेका छन् । कुलदीपसँग मेहन्दी लगाउने तालिम लिन आउनेहरूको हाल भीड नै लाग्ने गरेको छ । उनीसँग तालिम लिएका प्रायःले



ब्युटीपार्लरमा मेहन्दी लगाइदिने तालिम पनि सुरू गरिसकेको जानकारी उनले दिएका छन् ।

### डाक्टर-नर्सका विद्यार्थीहरूको मोह

नेपालका विभिन्न जिल्लाबाट प्लस-टु सकाएर डाक्टर तथा नर्स बन्न चाहनेहरूको भीड यतिखेर काठमाडौंमा निकै देखिएको छ । त्यसका लागि भाइब्रान्ट तथा नेम्सजस्ता नाम चलेका ब्रीजकोर्श इन्स्टिच्युटमा तयारी कक्षा लिइरहेका छन् । पाएमा नेपालमा नै डाक्टर तथा नर्स विषय पढ्ने नत्र विदेशको युनिभर्सिटीमा पढ्न जाने प्रयासमा रहेका कतिपय विद्यार्थीमा समेत साउने हरियो फेसनको व्यापक मोह रहेको पाइयो ।

डाक्टर बन्ने लक्ष्यमा हाल एमबीबीएसको तयारी परीक्षामा रहेकी बुटवलकी सरिता चापागाईं साउने सोमबारे व्रत एकचोटि मात्र बसेको र त्यसपछि नबसे पनि साउने ग्रीन फेसन गर्न सधैं अगाडि नै रहेको बताउँछिन् । साउनमा हरियो ड्रेसअप र हरियो चुरा लगाउने कार्य हालसम्म नटुटाएको र यो वर्ष पनि यसलाई निरन्तरता दिएको उनले बताइन् । आँखा विशेषज्ञ बन्ने प्रयासमा रहेकी सिरहाकी जुनिता साहले साउनमा हरियो, रातो तथा पहेंलो मिक्स चुरा र मेहन्दी लगाउने बचपनदेखिको शौख भएको बताएकी छन् ।

भारतको केरलाबाट प्लस टु सकाएर हाल विदेशको युनिभर्सिटीमा एमबीबीएस गर्न काठमाडौंमा ब्रीजकोर्श गरिरहेकी इटहरीकी सरिना श्रेष्ठ प्रत्येक वर्षजस्तै यो वर्ष पनि साउने सोमबारे व्रत लिएको र ग्रीन फेसनेवल बन्ने कार्यमा पछि नपरेको बताइन् । बीएसी नर्सिङ्गको तयारीमा रहेकी मोरङ रंगेलीकी प्रिया शाह जिन्स फेसनको पारखी भए पनि ग्रीन फेसनलाई साउनभरि बढावा दिने पक्षमा रहेकी छन् । ग्रीन लेगिन्स, टप्स लगाउनका लागि अर्डरको डिजाइन ल्याइसकेको पनि उनले सुनाइन् ।

एमबीबीएसको तयारीमा रहेका सुषमा गुरूङ र रोवानी गजमेरको पनि प्रियाको जस्तै सोच रहेको छ । दुवै हाल इन्ट्रान्स तयारीमा रहेकाले साउने व्रत नलिए पनि मेहन्दी लगाएर ग्रीन फेसन गर्ने गरेको र साउनलाई हरियाली बनाइरहेको बताउँछन् ।

*- श्याम स्मृत*

# हरियो फेसनमा व्रत



मोडल : जस्मिन महर्जन
तस्वीर : शिवलाल श्रेष्ठ

साउन महिनाबाट क्रमिक रूपमा झरी अनि वर्षातको कमी हुँदै सर्वत्र हरियो हुने गर्दछ । यसकारण यो महिनालाई हरित महिना पनि भन्ने गरिन्छ । विशेष गरेर यो महिनामा भगवान शिवको पूजाअर्चना तथा शिवकै कृपा पाउनका लागि हिन्दू महिलाहरु हरियो फेसनमा व्रत बस्ने परम्परा छ ।

परिवारका सम्पूर्ण सदस्य एकै स्थानमा भेला भएर खीर लगायतका मीठोमसिनो खाने प्रचलन छ । बौद्ध र हिन्दू धर्ममा साउनको ठूलो महिमा रहेको पाइन्छ । धार्मिक तथा सामाजिक परम्परा अनुसार यस महिनाबाट कृषिको नयाँ चक्रको सुरूवात हुने र रोपाइँ सम्पन्न भएको फुर्सदिलो समयको रूपमा मानिन्छ ।

सनातन हिन्दू धर्मावलम्बीहरु विशेष गरी यस महिनालाई धार्मिक समाजिक, सांस्कृतिक हरेक दृष्टिकोणले महत्वपूर्ण मान्छन् । शिवजीलाई पाउन पार्वतीले यो महिनाभरि निराहार रही कठोर व्रत बसेर शिवजीलाई प्राप्त गरेकी हुनाले यो महिनालाई शिवजीको महिनाका रूपमा समेत लिने गरिएको छ ।

तसर्थ प्रत्येक वर्षको साउन महिनामा आशुतोष भगवान शंकरको भक्ति आराधना र पूजाका लागि पवित्र सोमबारको दिन मानिन्छ । विभिन्न मठ- मन्दिरमा हरेक सोमबार निकै घुइँचो हुने गर्दछ ।

**हरियो चुरा र मेहन्दीको फेसन**

रातो सारी, हरियो चुरा, पोतेले सजिएर महिलाहरु आफ्नो मनोकामना पूरा गर्नका लागि शिवजीको पूजा अर्चनामा तल्लिन हुन्छन् । हरियो फेसन र हरिया चुराले महिलाहरूको सौन्दर्यमा थप वृद्धि गरिरहेको हुन्छ । महिला वर्गले यो महिना शुद्ध भई मनोकामना पूरा गर्न सोमबारका दिन व्रत बस्ने प्रचलन बढ्दै गएको छ ।

शुद्ध शाहाकारी, दुग्धजन्य पदार्थ, फलफूलको भोजन र पवित्र आत्माले शिवजीको व्रत बस्दा आफ्नो मनोकामना असल पति र पतिको दीर्घ लाभ हुने जनविश्वास रहेको पाइन्छ । यस महिनामा भगवान शिवलाई जल चढाउने संस्कृतिसँगै नेपाली नारीहरूले हरियो चुरा, हरियो पोते, हरियै पहिरन र हातमा मेहन्दी लगाउने चलन केही वर्षयता मौलाउँदै गएको छ ।

हरियो चुरा र मेहन्दी लगाउनुको पछाडि शास्त्रीय आधार नभेटिए पनि यसलाई व्यक्ति-विशेषले बेग्लाबेग्लै ढङ्गले विश्लेषण गर्ने गरेको पाइन्छ । हुन त शिवलाई प्रसन्न बनाउने उद्देश्यले हरियो वेलपत्र, भाङ, धतुरो र विभिन्न नैवेद्य सामग्री तयार पारी शिवको पूजाअर्चना गर्नुका साथै उनकै प्रतीक मानी महिलाहरूले हातमा हरियो चुरा र मेहन्दी लगाउने गर्ने गरेको पाइन्छ ।

## साउन महिनाका चाडपर्व

**साउन महिनाबाट विभिन्न पर्वको प्रारम्भ हुने गर्दछ । यसले गर्दा पनि साउनलाई पर्व नै पर्वको महिना पनि भन्ने गरिन्छ । यो वर्ष साउन महिनमा निम्नानुसारका पर्व-विशेष परेको छ :**

**नागपञ्चमी**

यो महिनामा बढी गर्मी हुने तथा बढी वर्षाले समस्त गाउँघर तथा शहर-बजारमा हिलाम्य जमिन हुने गर्दछ । यसले गर्दा जताततै सर्प भेटिने सम्भावना हुन्छ । तसर्थ सर्पको आक्रमणबाट बच्न र अकाल मृत्युबाट पन्छिन नाग देवताको पूजाअर्चना गर्ने चलन छ । घरघरमा नागको चित्र टाँस्ने गरिन्छ ।

### जनै पूर्णिमा

ब्राह्मणहरूले जनै फेर्ने र रक्षाबन्धन पनि बाँध्ने चलन रहेको छ । नेवारी समुदायमा यस दिन नौथरीका गेडागुडी (क्वाँटी) पकाई वर्षात्को रोगबाट टाढा रहन यसको झोल खाने चलन छ । तराईतिर दिदी-बहिनीले दाजुभाइलाई राखी बाँध्ने पनि चलन छ । यस दिन भ्यागुतालाई खेतमा विभिन्न परिकार बनाएर खुवाउने चलन पनि रहको छ ।

### घण्टाकर्ण

परापूर्वकालमा एक कानमा घण्टा झुन्ड्याइएको घण्टाकर्ण (गठेमंगल) नामको राक्षस थियो । प्रत्येक घरबाट एक-एकजना त्यस राक्षसको भोजनको लागि पठाउनुपर्दथ्यो । एक दिन भ्यागुताले सबै भ्यागुतालाई बोलाएर त्यस राक्षसलाई हिलोमा लडाएर मारेको कथन रहेको छ । त्यस राक्षसले फेरि दुःख नदेओस् भनेर फलामको औंठी र केटाकेटीहरूलाई कल्ली लगाइदिने प्रचलन पनि यस पर्वमा रहेको छ ।

### बोलबम

यो पर्वमा जलाशयमा जल भरेर त्यसबाट शिवालयसम्म खालीखुट्टा पैदल हिँडेर वा दगुरेर मन्दिरसम्म पुगी जलाभिषेक गरिन्छ । नेपाल र भारतका विभिन्न स्थानमा रहेका शिवजीका मन्दिरमा जल चढाउनेको घुइँचो लाग्छ । जल चढाउनेले बाटोमा 'बोलबम-बोलबम' भन्दै श्रद्धा र विश्वासका साथ भजन-कीर्तन गर्दै रमाइलो गर्ने गर्दछन् ।

### गुँलाधर्म

महायान बौद्ध परम्परामा साउन भगवान वुद्धको गुणको स्मरण गर्ने महिना हो । नेपाल संवत्अनुसार यो नवौं महिना हो । त्यसैले यसलाई गुँला (नवौं) महिना भनिन्छ । यस महिनामा बौद्ध नेवारहरूले रोपाइँको बेला कुमार षष्ठीको भोलि वा पर्सिपल्टदेखि थन्काएको बाजागाजा झिकी बिहानै आ-आफ्ना खलकको समूहमा बौद्ध विहार घुम्ने गर्दछन् ।

### गौरा पर्व

पश्चिमी हिमालको दक्षिणी पाखोका पहाडतिर महादेव आराधना गरेर यो महिनामा गौरा पर्व मनाउने गरिन्छ । महादेव-पार्वती विवाह र महादेवलाई पार्वतीसहित पहाड-हिमालबाट बिदाइ गरेको कथन यस पर्वमा जोडिने गरेको छ । यो नेपालको पश्चिमी पहाडियाहरूको मौलिक पर्व पनि हो । गौरा पर्व दुई हप्तासम्म मनाइन्छ ।

*- अनुना चौधरी/सिनुना चौधरी*

## मलाई मनपर्ने साउन महिना

विशेषतः साउन महिना भनेपछि हरियो-पहेंलो रङ्को चुरा पोते र लुगा तथा मेहन्दी लगाउने अनि यो महिनाभरि माछा मासु नखाई हरेक सोमबार व्रत बसी महादेवको पूजा आराधना गरेर विवाहित महिलाले आफ्नो श्रीमान्को लामो आयुको लागि प्रार्थना गर्ने र अविवाहित नारीहरूले असल श्रीमान् प्राप्तिको लागि प्रार्थना गर्ने जस्ता सामाजिक परम्परा रहेको कुरा मैले बुझेकी छु । समाजसेवामा लाग्नुभन्दा अगाडि साउने सोमबारमा व्रत बस्थें । अलिकति मनमा आनन्द लाग्थ्यो तर समाजसेवामा लागेपछि व्रत बस्न छोडिदिएँ । भोको पेट लिएर व्रत बस्दैमा धर्म हुन्छ जस्तो मलाई लाग्दैन । बरू, शुद्ध मनले समाजमा हामीभन्दा पिछडिएर रहेका व्यक्तिहरूका लागि आफूले सकेको सेवा गर्नु नै धर्म हो । त्यसैले अटिजम भएका बालबालिकाहरूको सेवा व्रतभन्दा ठूलो सेवा ठानेर व्रत बस्न छोडिदिएँ । व्रत नबसे पनि साउन महिनामा हरियो पहेंलो रङ्को चुरा र लुगा, मेहन्दी भने लगाउने गरेकी छु । मलाई मनपर्ने महिना साउन हो किनकि यो महिना मेरो जन्म महिना हो र मलाई मन पर्ने रङ् पनि हरियो हो । साउनमा हरियोको बाहुल्य हुने भएकोले पनि मलाई यो महिना बढी मन पर्छ ।



**सविता उप्रेती**
कार्यकारी निर्देशक, विशेष स्कुल तथा पुनर्स्थापना केन्द्र

## व्रत बसेको १६ वर्ष भयो

साउनको सोमबारे व्रत बिहे भएपश्चात मात्र बस्न थालेकी हुँ । यसअघि बसेकी थिइनँ । बिहे भएको सोह्र वर्ष पुगिसकेको छ । यस अर्थमा साउने व्रत बसेको पनि यो वर्षबाट सोह्र वर्ष पुगेको छ । साउने व्रतको अलावा यो साउनभरि ग्रीन फेसनेवल बन्न बेग्लै मज्जा लाग्ने गर्दछ । सबैतिर हरियो नै हरियो हुने हुँदा ग्रीन फेसन गर्नु आम नारीलाई जस्तै मलाई पनि मज्जा लाग्ने गरेको हो । त्यसमाथि, हातमा मेहन्दी लाउनुको अलावा हरियो, रातो र पहँलो कलरको चुरा लाउनु यो महिनाको विशेषता नै हो । हरियो, रातो र पहँलो महादेवको फेवरेट कलर पनि हो । बिहे नभएकाहरूले महादेव जस्तो श्रीमान् पाइयोस् भनेर साउने व्रत बस्ने गरेको परम्परागत भनाइ रहे पनि हाल यो फेसनको रूपमा विकास भएको छ । विवाहिताहरूले श्रीमान्को दीर्घायु र आरोग्यताका लागि साउने व्रत बस्ने र ग्रीन फेसन गर्ने कुरामा म पनि विश्वास राख्ने गर्दछु ।



**रूस्का वैद्य**
सौन्दर्यविज्ञ एवम् अध्यक्ष
रेडियन्ड इभेन्ट म्यानेजमेन्ट

## मेहन्दी बच्चैबाट लाउन थालेकी हुँ

साउनमा मेहन्दी त्यसमाथि टाटु स्टाइलमा मेहन्दी लाउनुको मज्जा मलाई बेग्लै लाग्छ । मेरो यो मेहन्दीप्रतिको नाता बचपनदेखि नै भएको हो भनेमा फरक पर्दैन । मेरो घर धरान हो । मेरो घरको पछाडिको बारीमा मेहन्दीको बोट थियो । मेहन्दीको पात पिसेर जानी-नजानिकन साउनमा मेहन्दी लाउने कार्य मैले बचपनबाटै गरेकी हुँ । बुझेपछि मेहन्दीको फाइदा नै फाइदा मैले पाएकी छु । छाला र कपालको लागि मेहन्दी अति उपयुक्त छ । अझ मेहन्दीको धार्मिक महत्व पनि जोडिएकोले मेहन्दी लगाउनुलाई राम्रो नै लाग्छ । अर्कोतर्फ हरियो, पहेँलो र रातो कलर लाउनु तथा ग्रीन फेसन गर्न साउन महिनाभर नै मन लाग्छ । साउन महिनाको यो विशेषता नै हो जस्तो मलाई लागेको छ ।



**पुनम प्रधान**
प्रबन्ध निर्देशक
दिदीबहिनी होस्टेल

## ध्यानमै सबथोक पाएकी छु

ग्रीन फेसनमा मेरो खासै रुचि छैन । खासै गर्दिनँ पनि । म बौद्धिकता सहितको सुन्दरतामा विश्वास गर्ने गर्दछु । हरियो चुरा, हरियो सारी र पोते लगाउँदैमा भगवान खुसी हुन्छन् भन्ने कुरामा मलाई पटक्कै विश्वास छैन । व्रत सामान्य रुपमा बस्ने गर्दछु । म शिवभक्त पनि हुँ । शिवभक्त भइयो भन्दैमा नानाथरि पूजाआजा गरेर हिँड्ने कार्य मबाट भएको छैन । मेरो भक्तिभाव ध्यानबाट हुने गर्दछ । मेडिटेसनबाटै भगवानको पूजाआजा तथा दर्शन गर्ने गर्दछु । मेडिटेसनमा मैले सबथोक पाएकी छु । बेग्लै आनन्दको महसुस गरेकी छु ।



**मीरा पोखरेल**
मानव अधिकारकर्मी
पोखरा

## साउनमा नारीहरूको पहिरनमा आकर्षण

साउन महिनामा नारीहरूको पहिलो आकर्षणको पहिरनमा विशेषतः रातो, हरियो, पहेंलो र गुलावी मिसावट भएको सिफन, सिल्क, नेट तथा सुतीका लुगा लगाउनु राम्रो हुन्छ । लेहेङ्गा, सारी, अनारकली कुर्ता, महारानी ब्लाउज, हल्टर ब्लाउज जस्ता पहिरनको यो महिनामा विशेष माग हुने गर्दछ । सारीको किनारातिर लेस राखी थप आकर्षक बनाउन सकिन्छ ।



**आशिष नेपाली**
फेसन डिजाइनर
दर्पण बुटिक

## लेहेंगा सारी लोकप्रिय र लगाउन सजिलो हुन्छ

विवाहित तथा अविवाहित नारी वर्गका लागि साउन महिनाको विशेष महत्व छ । हरियो, पहेंलो र रातो मिश्रित रंग र गहना चुरा पनि त्यसैसँग मिल्ने गरेर लगाउनुपर्दछ । हरियो रंगले हाम्रो दृष्टिलाई ताजा र शान्त राख्ने र पहेंलोले सौहार्दपूर्ण वातावरणको सिर्जना गर्दछ । सारी र अनारकली कुर्ताहरुमा सादा तर किनारामा बुट्टा भएको राम्रो देखिन्छ । सारीमा लेहेङ्गा सारी लोकप्रिय र लगाउन सजिलो हुन्छ ।



**रिकेश कास्ती**
फेसन डिजाइनर

# साउनको आकर्षण

ग्रीन अर्थात् हरियो । ग्रिन जोडिएको चल्तीको शब्द हो 'इभरग्रिन' अर्थात् सदाबहार । यो शब्द खासगरी युवाहरूले प्रेमिका, व्यवसायीहरूले व्यापार, धार्मिक मान्छेहरूले धर्मग्रन्थको दर्शन र राजनीतिक व्यक्तित्वहरूले नेताका लागि प्रायः प्रयोग गर्छन् । हरियोको सम्बन्ध बहारसँग हुन्छ । बहार अर्थात् सधैंभरि राम्रो र चल्ती भइरहनु ।

साउन लाग्यो । बजार, सपिङ मल, सडक वा सवारी जता हेरे पनि हरियो रंगको उत्सवजस्तो देखिन्छ । साउन अर्थात् हरियो रंगको मैत्री महिनाका रूपमा बुझिँदै आएको समय । किशोरी हुन् या युवती सबै हरियो पहिरन वा कुनै न कुनै चीज हरियो लगाएर साउनलाई हरेक वर्ष बिदा गर्छन् । 'यो मौसमसँग जोडिएको प्रसंग पनि हो । साउनमा सबैतिर हरियो हुन्छ । कृषकले धान रोपिसकेका हुन्छन्, नयाँ आर्थिक वर्ष सुरु भइसकेको हुन्छ । नेपालमा पर्वहरूको सुरुआत पनि भइसकेको हुन्छ । त्यसकारण यो महिनालाई प्रभावकारी रूपमा लिइएको हो', साउनबारे विश्लेषकहरु यस्तो भन्छन् । तर, अब परम्परामा मात्र सीमित रहेन विशेष दिनहरु । हरेक महिना, चाड पर्व र मान्यता फेसनका रूपमा पनि विकसित हुन थालेका छन् । त्यसकारण पनि साउनको परम्परागत विशेषता अब मोडलिङको एक पाटोका रूपमा विकसित भएको छ । 'साउन महिनाको धार्मिक र पौराणिक मान्यता छ, साउन महिनाभर महादेवको व्रत बस्ने धार्मिक मान्यताले राम्रो पति पाउने र पति हुनेको दीर्घ जीवन हुने विश्वास छ', पंडित गोविन्द घिमिरेले भने, 'अहिले त्यसको प्रयोग शहरी क्षेत्रमा नयाँ ढंगले गर्न थालिएको छ ।'

जसरी भए पनि साउनको महत्वलाई मनाउने प्रचलन गुम्नुभन्दा जीवित नै रहनुले संस्कृतिको जगेर्नासहित महत्व हुनेमा विश्वस्त छन् घिमिरे । उनी थप्छन्, 'अहिले परम्परा र धार्मिक सांस्कृतिक पहिचान नै गुम्ने खतरा भएको बेला जसरी मनाए पनि त्यसको महत्व देखिन्छ । महत्वको जगेर्ना जसरी हुँदा पनि राम्रो सन्देश जान्छ ।'

## परम्परागत मान्यता

आजकल साउने सोमबार शिवको व्रत बस्ने नयाँ चलन भित्रिएको छ । अविवाहित भए असल श्रीमान् र विवाहित भए श्रीमान्को दीर्घायु र परिवारको सुख, शान्ति र प्रेमका निमित साउनभरि भगवान शिवको पूजा-आराधना गर्ने चलन छ । हरियो चुरा, गेरूवस्त्र लगाउने प्रचलनलाई प्रमाणित गर्न सकिएको छैन । साउन महिनामा हरियो चुरा, हरियो वस्त्र र हत्केलाभरि मेहन्दीले सजिएका किशोरी, युवती र प्रौढहरूलाई देख्दा हिन्दू संस्कार, संस्कृति र विश्वास अझ गाढा हुँदै गएको विश्वास गर्न सकिन्छ । धर्मले जहिले पनि मानिसलाई पवित्र बन्नका लागि प्रेरणा दिइरहेको हुन्छ । साउनको प्रचण्ड गर्मीमा भोकभोकै बस्ने, आफ्नो स्वास्थ्यको परवाह नै नगरी व्रत बस्ने, शिवालयहरूमा पूजा गर्ने कामले आत्मीय शान्ति प्राप्त हुने कुरा र भौतिक रूपले हेर्दा पनि उचित नै देखिन्छ । त्यसैले साउन महिनाभरि नै हरियो वस्त्र, हरियो चुरा, हरियो पोते र हरियो टीका लगाउने चलनलाई प्रकृतिप्रतिको सम्मानसँग जोडेर हेर्न सकिन्छ । हरियो प्रेम र वातावरणको, रातो सौभाग्यको प्रतीक हो भने पहेंलो पवित्रताको । त्यसैले हुनसक्छ साउन महिनामा हरियो र रातो समिश्रण गरिएको पोते लगाउने गरिन्छ । अझ हत्केलामा जति बढी गाढा मेहन्दीको रंग बस्यो उति नै श्रीमान्को माया पाइन्छ भन्ने विश्वास छ ।

हातमा सुन्दर मेहन्दीको रचना गर्नु हाम्रो परम्पराको एक हिस्सा हो । श्रीमान्प्रति प्रगाढ माया र पारिवारिक सुख दिने हुनाले हालको सन्दर्भमा अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि यो चाड मनाउन थालेका छन् । यसले महिलाहरूमा आपसी सद्भावना बढेको देख्न सकिन्छ ।

## आधुनिक हेराइ

खासगरी साउन युवतीहरूको एकलौटी फेसनको महिनाजस्तो बनेको छ । परम्परागत मान्यताबाटै प्रभावित भएकाले यसलाई शहरमुखी र व्यस्ततामा पनि मनाउने गरिएको छ । मेहन्दी लगाउनेहरूको चोक चोकमा भीड बढ्ने गर्छ । फरक फरक डिजाइन, फरक फरक सोचअनुसारका आकार र दृश्यहरु हातदेखि पाखुरासम्म मेहन्दीबाट कोर्न युवतीहरु लालायित हुन्छन् । 'खासै त्यस्तो अर्थ त हुँदैन तर मेहन्दी लगाउने वर्षको एक महिनाका रूपमा बुझेर पनि युवतीहरूको आकर्षण स्वाभाविक हुन्छ', सौन्दर्य व्यावसायी पुष्पा राई भन्छिन्, 'यो सौन्दर्य झल्काउने महिनाका रूपमा पनि लिएका कारण सुन्दर देखिने रंगको महिना हो । हरियो र रातो मिश्रित पहिरनहरु र मेकअपमा युवतीहरु सजिने गर्छन् ।'

परम्परागत होस् या आधुनिक दुवै प्रकारले साउनको महत्व देखाइएको छ । योसँगै वातावरणीय सन्देश, पौराणिक सन्देश, सांस्कृतिक महत्वसँगै आधुनिक र तीव्र शहरीकरण हुँदै गएको पुस्तामा पनि साउनको महत्व बढिरहेको छ । त्यसकारण त भनिन्छ- सदाबहार साउन ।

*-विनोद ढकाल*



मोडल : रेश्मा महर्जन
तस्बीर : शरद महर्जन



# साउने शृङ्गारमा आफैं मक्ख

वर्षा ऋतु उत्कर्षमा छ । झरीले जमिन मात्र होइन बूढाबूढी केटाकेटी र तन्नेरीहरूको मन पनि भिजेको छ । त्यसैले त साउन महिनामा राजधानीमा मात्र हैन अन्यत्र पनि हरियो चुरा, हरियो सारी, हरियो पोते अनि हातमा मेहन्दी लगाउने हरेक उमेर समूहका महिलाहरूको कमी देखिंदैन । फेसनेवल शहरका रूपमा परिचित धराने महिलाहरु पनि यसमा पछि पर्ने कुरै हुँदैन । सधैंको वर्ष झैं यसपालि पनि धरानमा हरियो चुरा र मेहन्दीको रौनक छाएको छ । आकर्षक बुट्टाहरूले सजिसजाउ हातमा चुरा अनि मेहन्दी लगाएर हिंडनेहरूको जमात बाक्लै छ । अझ भन्ने हो भने नयाँ पुस्तामा साथीसंगी माझमा कसको मेहन्दी राम्रो अथवा बढी गाढा कलर देखिन्छ भनेर होडबाजी नै चल्ने गर्छ । प्रेम, सद्भाव, विश्वासले भरिपूर्ण भएको, त्यो गाढा कलरको मेहन्दी अनि त्यसमा पनि आफूलाई मनपर्ने मान्छेको नाम हत्केलामा मेहन्दीले लेख्नेहरूमा एक प्रकारको विश्वास रहने गरेको छ ।

साउन महिना आफैमा पनि प्राकृतिक सौन्दर्यले सजिसजाउ भएको महिना हो । त्यही मनमोहक दृश्यप्रति मोहित बन्दै आफ्नो सुस्वास्थ्य, सुख शान्ति र दीर्घायुको कामना गर्दै भगवान शिवजीको पूजा–आराधना गर्छन् । त्यही भएर होला नारीहरूलाई प्रेम र विश्वासका प्रतिमूर्ति भनिएको हो । हरियो रंगले भरिएको साउन महिना नेपाली नारीहरूका लागि हर्ष र उत्साहले भरिएको महिनाका रूपमा पनि लिने गरिन्छ । गाउँमा होस् या शहरबजारमा हरियो रंगले सजिएका हातभरि चुरा अनि रातो सारी र सिउँदोमा सिन्दुरले सजिसजाउ भएर मठमन्दिरतर्फ लागेको देख्न सकिन्छ । यसरी चिटिक्क परेर सजिएका महिलाहरु मनभरिको आस्था र विश्वास लिएर भगवान शिवजीको मन्दिरमा गई जल चढाएर आफ्नो श्रीमान्को लामो आयुको कामना गर्ने गर्दछन् । धरान–१५ स्थित पाथिभरा लाइनकी ३८ वर्षीया गृहिणी सुमिता शाक्य आफ्नो श्रीमान्को लामो आयुको कामना गर्दै व्रत बस्ने गरेको बताउँछिन् । हातभरि हरियो चुरा अनि रातो सारी र हत्केलाभरि मेहन्दी लगाउन आफूलाई खुब मनपर्ने बताउँदै शाक्य भन्छिन्– 'राम्रो देखिने भएकोले मेहन्दी अनि हरियो चुरा रातो सारी लगाउँछु ।'

कुमारी कन्यादेखि वृद्ध महिलाले समेत साउन महिनामा व्रत बस्ने गर्छन् । सधैं टिमिक्क परेको जिन्स पाइन्टमा सजिएर हिंड्ने धरानकी एलिसा राई वर्षको एकपटक साउनमा हरियो चुरा, मेहन्दी अनि रातो सारीमा सजिन खुब मनपर्ने बताउँछिन । उनी भन्छिन्– 'हरियो चुरा, रातो सारी र हातमा मेहन्दीले सजिएपछि ऐनामा हेर्दा म आफै मख्ख पर्छु ।'

अविवाहित महिलाहरूले आफ्नो भविष्यका लागि असल श्रीमान् पाइयोस् भन्ने कामना गर्ने गरेको पाइन्छ । महिलाहरूको विशेष पर्व भएकोले यसलाई महत्वसाथ उनीहरूले लिने गरेका छन् । उनीहरू सच्चा आत्माले भगवानप्रति पूर्ण विश्वास राखेर आफ्नो मनका आकांक्षाहरु पूरा हुन्छ भनी विशेष गरी सोमबार व्रत बस्ने गर्दछन् । कम मात्र पुरूष छन्, जो आफ्नी पत्नीका लागि व्रत बस्ने गर्दछन् । धरानको सेछा ट्राभिलिङकी सञ्चालिका एलिना मगरलाई हरियो चुरा, हरियो सारीमा सजिएर साउन महिनामा व्रत बस्दा आनन्दको अनुभूति हुने गर्छ । उनी भन्छिन्– 'असल पति पाउने विश्वासले व्रत बस्ने गरेकी छु । कहिलेकाही भोकै बस्दा स्वास्थ्यका लागि पनि राम्रो हुन्छ ।'

### प्रेमको मौसम

साउन महिनालाई विशेषगरी धार्मिक महिना पनि भन्ने चलन छ । आराध्यदेव शिवजी र श्रीकृष्णका धेरै चर्तिकला साउन महिनामै भएको पौराणिक धर्मशास्त्रहरूमा उल्लेख भएको पाइन्छ । साउन महिनालाई मनमोहक झरी, हरियो चुराको आवाज आउने भएकोले यौनसँग जोडेर पनि हेर्ने गरिएको छ । विशेष गरी साउन महिनालाई प्रेमको मौसम पनि भन्ने गरिन्छ । हिन्दू धर्मशास्त्रमा उल्लेख भएअनुसार साउन महिनामै हो वृन्दावनमा राधा र कृष्णले रासलीला रचेको, झुला झुलेको । अहिलेका नयाँ पुस्ता हुन् वा बूढो पुस्ता, राधाकृष्णको रासलीलामा मख्खै परेका हुन्छन् । सात समुन्द्रपारि विदेशिएका पति, पत्नी वा प्रेमी–प्रेमिकाको सम्झनाले सताउने मौसम पनि हो यो साउन महिना । मौसम रसिलो भएमा प्रेमी–प्रेमिकाको मन पनि रसिलो भएर आउँछ । उनीहरूको हृदयभित्र एक प्रकारको प्रेमरस उम्लन्छ । साउनलाई विशेषगरी नवविवाहित महिलाहरूको पानी छल्ने महिनाका रूपमा पनि लिइन्छ । नवविवाहित महिलाहरु पानी छल्न माइत जाने चलन छ । साउनमा नवजोडीसँग व्रत बस्न नहुने धार्मिक एवं सांस्कृतिक मान्यताका कारण नवजोडीको 'हनीमुन पिरियड' पनि विछोडिने गरेको छ । साउने पानी छल्ने निहुँमा जीवनको महत्वपूर्ण रोमान्टिक मुड बिथोलिने हुँदा नवजोडीलाई भने मर्का पर्ने गरेको छ ।

*– सोहन श्रेष्ठ*




# मेहन्दीको महत्व

• **रमिता श्रेष्ठ**, ब्युटी एक्सपर्ट




**साउन महिनामा विशेष गरेर सोमबारका दिन प्रायः महिला दिदी–बहिनी व्रत बस्ने गर्दछन् । सबैजना मिलेर हातमा मेहन्दी लगाउने प्रचलन पनि साउन महिनामा हरेक वर्ष वृद्धि भएको पाइन्छ । फेसनेवल बन्ने होडबाजीमा युवतीहरूले हातमा मात्र मेहन्दी नलाई पाखुरा, खुट्टामा समेत मेहन्दी लगाउन थालेको पाइएको छ । मेहन्दीले शीतलता प्रदान गर्नुको अलावा छालामा भएका विभिन्न समस्यालाई निर्मूल पार्ने गर्दछ । मेहन्दी लगाउनाले हात त सुन्दर अवश्य  देखिने गर्दछ । मेहन्दी लगाउने कार्य कतिलाई कठिन जस्तो लाग्न सक्छ । तर तलका विधि र तौर–तरिका अपनाउन जानेमा मेहन्दी लाउन खासै गाह्रो हुँदैन ।**





### आवश्यक सामग्री

हरियो मेहन्दी, चियापत्ती, उमालेको पानी आवश्यकता अनुसार । मलमलको कपडा, मेहन्दी तेल, चिनी र कागतीको घोल, कुप्पी (सोली) का लागि नरम प्लाष्टिक, सेलोटेप, कैंची ।

### विधि

१. मेहन्दीको धुलो आवश्यकता अनुसार पानी हालेर २ घण्टा भिजाएर राख्ने ।
२. मेहन्दी भिजाउन प्रयोग गरिएको पानीमा चियापत्ती र इमली राख्न सकेमा अझ राम्रो ।
३. गिलो मेहन्दीमा मेहन्दी तेल हालेर राम्रोसँग फिट्ने र चिया छान्ने वा जालिदार कपडावाट छान्ने ।
४. मेहन्दी लगाउनुअगाडि कागती र चिनीको लोसन तयार गर्ने
५. प्लास्टिकको कोण बनाएर मेहन्दी प्रयोग गर्ने ।
६. अब यो कुप्पीमा मेहन्दी भरेर रबरले बाँध्ने ।

### मेहन्दी लगाउने विधि

१. हात राम्ररी धोएर पुछ्ने । मेहन्दी लगाउने हातमा मेहन्दी तेल लगाउने ।
२. नाडीबाट मेहन्दी लगाउने र सुक्न दिने । सुक्दैजाँदा तीन पटकसम्म कागती र चिनीको रस दल्ने ।
३. मेहन्दी लगाएको ठाउँमा पानी पर्न नदिने र सकेसम्म गरम कुराबाट टाढा रहने । घामबाट बच्ने ।
४. तीनदेखि चार घण्टाभित्र मेहन्दी सुक्छ । सुकेको मेहन्दीलाई चक्कु उल्टो पारेर वा अन्य बस्तुको सहायताले मेहन्दी खुर्कने ।
५. शुद्ध तोरीको तेल भएमा तेल प्रयोग गर्ने, नभएमा शुद्ध घ्यू लगाएर

## सौन्दर्य समाचार

# ब्युटिसियनहरूलाई निःशुल्क तालिम

चेज कस्मेटिकको नेपालस्थित आधिकारिक वितरक इम्पल्स ट्रेडिङको आयोजनामा हालै पूर्वी नेपालको विराटनगरमा ब्युटी सेमिनार सम्पन्न भयो । स्थानीय शैक्ष ब्युटीपार्लरकी प्रमिला थापा, ओमसाई ब्युटीपार्लरकी प्रीति देव, सज्जा ब्युटीपार्लरकी सरिता दाहाललगायतका ब्युटिसियनहरूले उक्त सेमिनारमा सहभागिता जनाएका थिए ।

सेमिनारमा कम्पनीको तर्फबाट ब्युटी एक्सपर्ट रमिता श्रेष्ठले कस्मेटिक प्रयोग गर्ने तौरतरिकाबारेमा जानकारी दिएकी थिइन् । त्यसै गरी काभ्रेको बनेपामा त्यहाँको स्थानीय चार्म ब्युटीपार्लरको आयोजनामा भएको ब्युटी सेमिनारमा ब्युटी एक्सपर्ट श्रेष्ठले बनेपाका पचासौं ब्युटिसियनहरूलाई रिफ्रेसमेन्ट ट्रेनिङ दिएकी थिइन् ।

जसबाट बनेपाका ब्युटिसियनहरूका तर्फबाट एक्सपर्ट श्रेष्ठलाई आयोजक चार्म ब्युटीपार्लरकी ब्युटिसियन रजुला मानन्धरले मायाको चिनो प्रदान गरेर सम्मान प्रदान गरिएको थियो । काठमाडौंस्थित इम्पल्स ट्रेडिङको खिचापोखरीस्थित मुख्यालयमा प्रत्येक दिनजसो ब्युटिसियनहरूलाई निःशुल्क तालिम सञ्चालन भैरहेको पनि कम्पनीले जनाएको छ ।



रातभर खुल्ला छाड्ने । बढीमा सात घण्टासम्म पानी नछुने ।


६. मेहन्दी लगाएको हातलाई ल्वाङको धुलोलाई तावामा राखेर माथिबाट हात राखेर सेकेजस्तो गर्ने । यसो गरेमा मेहन्दी अझ कालो हुने गर्दछ ।
७. यो विधिले मेहन्दीको रंग अझ गाढा र बाक्लो हुनुका साथै आकर्षक बन्ने गर्दछ ।

### मेहन्दी लगाउनुको फाइदा

१. आगोले पोलेर जलन भएको बेलामा मेहन्दी पातलाई पिसेर उक्त ठाउँमा त्यसको लेप लगाउनाले तुरून्त आराम मिल्ने गर्दछ ।
२. उच्च रक्तचाप भएकाहरूले नियमित रूपमा मेहन्दीको लेप पैताला र हत्केलामा लगाएमा हात-गोडा झमझमाउँदैन र पोल्दैन पनि ।
३. निन्द्रा नलाग्नेहरूले बेडरूममा मेहन्दीको फूलहरु छरेर सुत्ने गरेमा निन्द्रा मज्जाले लाग्ने गर्दछ ।
४. मुखभित्रको छालामा घाउ तथा दाँतको गिजा सुन्निनेहरूले मेहन्दीको रसको पानीले कुल्ला गर्ने र मेहन्दीको पातलाई पान चपाएजस्तो गरेर चपाउने गरेमा ठीक हुन्छ ।
५. छारे रोगीले दूधमा मेहन्दीको रस फिटेर पिउने गरेमा लाभ हुन्छ ।

यसर्थ मेहन्दी नारी सौन्दर्यको प्रतीक मात्र नभई स्वास्थ्यको लागि आवश्यक गुणकारी साधनको रूपमा लिइने गरेको छ । मेहन्दीको पात, फूलको बोक्रा, बीउ र काठ अत्यन्त उपयोगी औषधि पनि मानिएको छ । एकातिर मेहन्दीले सुन्दरता बढाउने गरेको छ भने अर्कोतिर छालासम्बन्धी विभिन्न विकारलाई समेत हटाउने गर्दछ ।









नव वर्ष २०७१ सालको बहार
कमाण्डर पोष्ट दैनिकको
उपहारै उपहार
जित्नुहोस
भित्तेघडी
अष्ट्रेलियन इलेक्ट्रिक
लाल्टिन उपहार
ग्यास चुल्हो
बम्पर उपहार
लक्की ड्र
आकर्षक बेड
आकर्षक सोफा
आकर्षक
डाइनिङ टेबल
वार्षिक ग्राहक दर रु. १५००/- मात्र
कमाण्डर पोष्ट
सम्पर्क ठेगाना

# अप्ठ्यारो परिस्थितिमा सजिलो उपाय, econ

econ (आकस्मिक गर्भनिरोधक चक्की) भनेको असुरक्षित यौन सम्पर्क पछि गर्भ रहन नदिनको लागि खाने चक्की हो । यसलाई जति सक्दो चाँडो, ढिलोमा १२० घण्टा वा ५ दिन भित्र खानुपर्दछ । यसमा रहेका २ वटा चक्की एकैसाथ खान पनि सकिन्छ वा एक-एक चक्की गरी खाएमा पहिलो चक्की खाएको १२ घण्टा पछि दोस्रो चक्की खानुपर्दछ ।



सावधान :

* econ ले HIV र STI जसता संक्रमणहरूबाट बचाउँदैन । यसका लागि Condom जस्तै Dhaal/Panther/Dzire को अनिवार्य प्रयोग गर्नुपर्दछ ।
* econ आकस्मिक प्रयोजनको लागि मात्र हो यसलाई नियमित परिवार नियोजनको साधनका रूपमा प्रयोग गर्नु हुँदैन ।

उपभोक्ता मूल्य रू १००/-




तल उल्लेखित फेसबुक पेज हेर्नुहोलाः
https://www.facebook.com/econ.ecp

नेपाल सि आर एस कम्पनी





Gray One Piece Dress
with Stand Collor
NRs. 2500/-



Navy Blue
Rayon Shirt
NRs. 2000/-

Satin Check Printed
One Piece Dress
NRs. 2500



Red Georgette
Frill Shirt
NRs. 1800/-





Creamy
Chiffon Tops
NRs. 1500/-




Model: Simran Mukharjee
Photo: Sharad Maharjan

FASCINO BOUTIQUE
Chabahil, Chuchepati, Opp. to Everest Bank
Shova shrestha/Anita Shrestha




# टिसोटको लेडिज घडी

विश्वप्रसिद्ध कम्पनी Tissot को सन् १९९९ को लोकप्रिय संग्रह Tissot T02 महिलाहरूको लोकप्रिय घडी हो । महिलाहरूको चाहना बमोजिम लेडिज मोडलमा तयार भएको यस घडी घरानिया महिलाहरूको प्रिय ब्रान्ड भएको छ । महिलाका लागि विशेष रूपमा तयार पारिएको यो ब्रान्डेड घडी हो । यो घडी घरानिया महिलाहरूले सक्कली गहनाको रूपमा प्रयोग गर्ने ब्रासलेटलाई जस्तै अति महत्व दिएर पहिरिने गरेको पाइएको छ । यसले गर्दा विभिन्न उत्सव तथा पर्वहरूमा यस घडीलाई गहना जतिकै महत्व दिएर महिलाहरूले पहिरिने गरेका छन् । स्वीस ब्रान्डको क्वार्जमोभमेन्ट डाइमन्ड स्टेनलेस स्टील यस घडीलाई पानीको सतहबाट ५० मिटर तलसम्म लग्दा पनि पानी पस्दैन । प्रायः यो घडीका पारखीहरु स्वीमिङ् गर्दा पनि फुकाल्न चाहँदैनन् । वर्षौं-वर्ष टिक्ने भएकोले पनि यसको लोकप्रियता दिनानुदिन बढिरहेको यसको प्रमुख वितरक सुलक्स सेन्टरले जनाएको छ ।

### सुलक्स उत्कृष्ट स्वीस घडीको संगम

ग्राहक वर्गको उच्चतम सेवा तथा स्तरीय सुविधासहित उत्कृष्ट स्वीस ब्रान्डेड घडी नेपालमा सजिलै उपलब्ध गराउने प्रमुख उद्देश्य सुलक्स सेन्टरले लिएको छ । काठमाडौंको दरबारमार्गस्थित उडल्यान्ड कम्प्लेक्समा यसको मुख्यालय रहेको छ ।

उच्चस्तरीय घडीको ब्रान्डेड कम्पनीका रूपमा सन् १९८६ मा यो कम्पनी नेपालमा स्थापना भएको हो । स्थापनाकालबाट नेपालमा राडो घडीहरूको विक्री तथा सेवा एकलौटी रूपमा सुरूवात गरेको हो । हङकङबाट राडो घडीको आयात गर्ने कार्यपश्चात् सन् १९९२ मा टिसोट घडीहरूको विक्री तथा सेवाको थालनी गर्ने कार्य यस कम्पनीबाट भयो । त्यसको अलावा रोलेक्स घडीको विक्री तथा सेवामा विस्तार गरिएको थियो । हाल उच्चस्तरीय घडीहरु आर्मिन, स्टोर्म र अन्य घडीहरु रेमन्ड वेइल, मिडो, काल्भिन केलइन घडीहरूको विक्री वितरणका लागि वितरकहरूको व्यवस्थापन तयारी पनि गरिएको कम्पनीले जनाएको छ ।

हाललाई यस कम्पनीको सेवा काठमाडौंमा थापाथलीस्थित ब्लु-बर्ड, भाटभटेनी डिपार्टमेन्ट स्टोर लगायत दरबारमार्गस्थित उडल्याण्ड विक्री केन्दबाट लिन सकिन्छ । रोलेक्स र राडो घडीहरूको मर्मत तथा सेवा केन्द्र रहेको यस कम्पनीसँग दक्ष प्राविधिक रहेका छन् । यसबाट ग्राहकहरूले उच्चस्तरीय सेवा पाउने गरेका कम्पनीले जनाएको छ ।

*-सिनुना चौधरी*




# विशेषतैं विशेषताले भरिएको ग्यालेक्सी एस फाइभ

प्रविधिका क्षेत्रमा सामसङले विश्वमै अग्रता कायम गरेको छ । नेपालमा पनि सामसङ ब्रान्ड उपभोक्ताको पहिलो रोजाइमा पर्न थालिसकेको छ । सामसङका विभिन्न विद्युतीय उपकरणमध्ये मोबाइल सेट पनि पछिल्लो समय बजारमा चर्चामा रहेका छन् । सामसङ ब्रान्डका मोबाइलको आधिकारिक विक्रेता इन्टरनेशनल मार्केटिङ सर्भिसेज प्रालि (आईएमएस) ले हालसम्म एक सयभन्दा बढी किसिमका सेटहरु बजारमा ल्याइसकेको जानकारी दिएको छ । हाल बजारमा रु १८०० देखि रु ७६,५०० सम्मका सेटहरु उपलब्ध छन् । यसबाट जुनसुकै वर्गका उपभोक्ता सामसङ ब्रान्डका मोबाइल बोक्नबाट वन्चित हुनुनपर्ने आईएमएसका मार्केटिङ प्रमुख पुष्कल खतिवडा बताउँछन् ।

प्रयोगकर्ताले आफ्नो स्वास्थ्यस्थितिबारे जानकारी लिन सक्छन् । यसमा मुटुको चालको सेन्सर जडान गरिएकोले जुनसुकै बेला मुटुको धड्कन जाँच्न सकिन्छ ।

फोटोका सौखिनहरूका लागि यो मोबाइल अत्यन्त उपयोगी रहेको छ । यो सेटबाट डीएसएलआर क्यामराको जस्तै फोटो खिच्न सकिन्छ । यसमा एचडीआर, अटो फोकस, सेलेक्टिभ फोकस जस्ता क्यामराका फिचरहरु रहेका छन् । यसमा १६ एमपी र २ एमपीका क्यामरा रहेका छन् ।

पछिल्लो समय विकसित गरिएको एन्ड्रोयट अपरेटिङ सिस्टम अन्तर्गत चल्ने यो मोबाइलको स्क्रिन साइज ५.१ इन्च छ भने तौल १४५ ग्राम रहेको छ । यस्तै इन्टरनल मेमोरी १६ जीबी छ भने १२८ जीबीसम्म थप्न सकिने व्यवस्था मिलाइएको छ । त्यसैले उपभोक्ताले आफूले चाहेजति फोटो तथा डाटाहरु सुरक्षित गर्न सक्छन् । यो सेटमा सुरक्षाको पनि विशेष व्यवस्था मिलाइएको छ । फिंगर स्क्यानर तथा प्राइभेट मोडजस्तो फिचरले चोरिने संभावना कम छ भने यदि हराइहालेमा अथवा चोरिइहालेमा यसभित्रको डाटाको दुरूपयोग हुनसक्ने संभावना कम छ । आईएमएसले आगामी दिनमा पनि उपभोक्ताको मागलाई दृष्टिगत गरी थुप्रै नयाँ मोबाइल र ट्याबहरु आयात गर्ने योजना बनाइरहेको मार्केटिङ प्रमुख खतिवडाले बताएका छन् ।



### विशेषता

- डीएसएलआर क्यामराको जस्तै फोटो खिच्न सकिने
- इन्टरनल मेमोरी १६ जीबी छ भने १२८ जीबीसम्म थप्न सकिने
- फिंगर स्क्यानर तथा प्राइभेट मोडजस्तो फिचरले चोरिने सम्भावना कम

**मूल्य : रु ७६,५००/-**

सामसङका विभिन्न किसिमका मोबाइल सेटका आ-आफ्नै विशेषता रहेका भए पनि पछिल्लो समय बजारमा आएको ग्यालेक्सी एस फाइभ (Samsung Galaxy s5) मा उच्च प्रविधिको प्रयोग भएको छ । यसमा अरू ब्रान्डका मोबाइलमा भन्दा बढी फिचरहरु रहेका छन् । त्यसैले यो मोबाइल सेट अहिले सबैको पहिलो रोजाइमा पर्न थालेको छ । मूल्य अलि महँगो भए पनि यो सेटको बिक्री राम्रो भइरहेको खतिवडाले जानकारी दिएका छन् ।

यो सेटमा धुलो र पानी पस्ने संभावना अत्यन्त न्युन रहेको छ । यसैले यसले आइपी ६७ प्रमाणपत्र पनि प्राप्त गरेको छ । यसको अर्को विशेषता भनेको यसको एस हेल्थ (S health) भन्ने फिचरबाट

*- दीपेश ढुंगाना*




## प्रकृति र पर्यटनको संगम

# पार्क भिलेज रेष्टुरेन्ट एण्ड बार

चार लेनको सडक बनिसकेपछि काठमाडौंको हिल स्टेसन मानिने बूढानीलकण्ठ अब मुख्य शहरबाट मात्र दश मिनेटमा पुग्न सकिने भएको छ । पहिले ठमेल, पछि झमेल आजकल रेष्टुरेन्ट चहार्ने ग्राहकहरूको चापले गर्दा बूढानीलकण्ठ पनि अब 'बूढानेल'को नामबाट चिनिन थालेको छ ।

५५ रोपनीको हरियाली वातावरणमा फैलिएको पार्क भिलेज रिसोर्टमा Earth Watch Restaurant, Farm House Chinese Restaurant, Buddhanel Continental Restaurant, Alfresco, Water Hole Bar, Pool Side Restaurant र Gazebo Restaurant हरु छन् । सय वटाभन्दा बढी गाडी सुरक्षित पार्किङ गर्न मिल्ने सुविधा भएको हुँदा रेष्टुरेन्ट प्रेमीहरु आफ्नो परिवार र साथीका साथ यहाँ आउने क्रम बढिरहेको छ ।





कोलाहलबाट टाढा तर शहरबाट नजिक चोखो र स्वच्छ प्राकृतिक वातावरणमा अवस्थित यस होटलका रेसिडेन्ट मेनेजर निरज बज्राचार्य गर्वका साथ भन्छन्- “We serve breakfast with birds; we serve lunch with butterflies and we serve dinner with fireflies.”

'कन्फरेन्सका लागि प्रख्यात यो रिसोर्टमा आजकल थुपै खानाप्रेमी ग्राहकहरु आउन थालेका छन् । शुक्रवार, शनिवार त भ्याउनै गाह्रो हुन्छ', फुड एण्ड बेभरेज मेनेजर विजय क्षेत्री भन्छन् । उनी अगाडि थप्छन्- 'पार्क भिलेजमा इन्डियन र चाइनिज खाना धेरै चल्छ तर उच्च घरानिया ग्राहकहरु वाइनसँग कन्टिनेन्टल खाना खान रूचाउँछन् । काठमाडौंका घरानिया परिवार आफ्ना साथी र इस्टमित्रहरु लिएर समय-समयमा यहाँ आउने गरेका हुँदा हामीले आफ्नो स्तरलाई कायम राख्नुपर्छ ।' सायद त्यसैले होला, पार्क भिलेजका सेफ गोविन्द भण्डारी आफ्नै निगरानीमा सम्पूर्ण खाद्यवस्तहरूको गुणस्तर जाँच्ने गर्छन् र उनकै रेखदेखमा खास-खास हरिया सागपातहरु होटलकै बारीमा उमार्ने गर्छन् ।

पार्क भिलेज होटल दक्षिण एसियाकै एउटा राम्रो प्रकृतिमुखी पर्यटन होटलको रूपमा चिनिन्छ । शहरभित्रै जंगल र जैविक विविधताले भरिएको यो काठमाडौंको एक मात्र होटल हो, जहाँ भौतिक पूर्वाधारलाईभन्दा बढी प्राकृतिक वातावरणलाई महत्व दिइएको छ ।

निरज बज्राचार्य ठोकुवा गर्छन्- 'एकचोटि पर्यटकहरु यस होटलमा बसेपछि तिनीहरु फर्की फर्की बारम्बार आउने गर्छन् ।' उनी फेरि भन्छन्- 'पर्यटकहरु यहाँ आलिशान होटलहरु हेर्न आएका होइनन्, उनीहरु त हाम्रो देशको प्रकृति र संस्कृतिको साक्षात्कार गर्न आएका हुन् । प्रकृतिकै काखमा बसेर प्रकृतिको साक्षात्कार गर्ने हाम्रो होटलबाहेक अर्को कुन होटल छ र काठमाडौंमा ?'

वास्तवमा रूखैरूखले भरिएको, चराचुरूङ्गीको चिरबिरे आवाजसँगै अन्तर्राष्ट्रिय एवम् रैथाने खानाको स्वाद लिन यो पार्क भिलेज होटल अति उत्तम ठाउँ हो ।










# भोजनको मौलिकता





तस्वीर : शरद महर्जन

लोप हुन लागेको मौलिक नेपाली परम्पराको खोजी र जगेर्ना गर्न आवश्यक भइसकेको छ । मौलिक नेपाली परम्परा अनि सत्कार विश्वकै अनुकरणीय कोटिमा पर्ने गरेको छ । नेपाली परम्परा तथा सत्कारको भुक्तभोगी उच्च विदेशी कूटनीतिज्ञदेखि पर्यटकहरू नेपाली परम्परा र सत्कारको खुल्ला रूपमा तारिफ गर्ने गर्दछन् । व्यवसायसँगै नेपाली मौलिक परम्परा र संस्कृतिको जगेर्ना तथा संरक्षण गर्ने कार्य विगत अठार वर्षदेखि काठमाडौं डिल्लीबजारमा सञ्चालित भोजन गृहबाट भएको पाइएको छ ।

करिब १ सय ५० वर्ष पुरानो ऐतिहासिक भव्य गुरूज्यू निवासमा भोजन गृह संचालित छ । नेपाली मौलिक परम्परा र सत्कार बोकेको भोजन गृह ऐतिहासिक संग्रहालय पनि हो । यहाँ ऐतिहासिक धेरै दस्तावेजहरु खुल्ला रूपमा प्रदर्शनमा राखिको छ । इतिहास बोकेको वर्तमान आतिथ्य गृह अर्थात् 'भोजन गृह'को रूपमा हाल यसलाई विकास गरिएको छ ।

शान्त वातावरणमा पलेटी कसेर काँसको थाल तथा काँसकै कचौराको फेरा लगाएर मौलिक नेपाली भोजन गर्न नेपाली तथा विदेशी पाहुनाहरूको यहाँ हरेक दिन घुइँचो लाग्ने गर्छ । विषादीरहित भोजनको लागि विशेषता नै बोकेको यस गृहमा प्रयोग हुने प्रायः सबै खानेकुरा अर्गानिक भएको दाबी गृहका सञ्चालक भरत बस्नेतको छ ।

अस्वस्थ खानाले जन-स्वास्थ्यमा ल्याएको प्रतिकूल असरलाई मध्यनजर गरेर यसको परिसरमै 'अर्गानिक खेतीबजार'को समेत सुरूवात गरेको भोजन गृहमा भोजन गर्नु जडीबुटी सेवन गर्नु बराबर हो । खानेकुरालाई हरेक तवरबाट स्वस्थकर बनाउने कार्यमा कुनै कसर नराखेको सञ्चालक बस्नेत बताउँछन् । भोजन पस्कने काँसको थाल





र कचौरालाई तताएर स्ट्रेलाइज गरेपछि मात्र भोजन पस्कने नियम नै रहेको छ । यसले गर्दा पस्किएको भोजन अझ स्वस्थकर हुने गर्दछ । त्यसमाथि विभिन्न नेपाली जनजातिका मौलिक पहिरनमा भोजन गृहका स्टाफहरू देखिनु यसको अर्को विशेषता हो ।

शहरमा गुन्जने पाश्चात्य धुन तथा नृत्यले पारेको सांस्कृतिक प्रदूषणलाई प्रतिकार गर्न बिलकुलै नेपाली मौलिक बाजा तथा पहिरनका साथमा विभिन्न नेपाली जनजातिका गीत-संगीतमा परम्परागत नृत्यले बेग्लै रोमाञ्चकता एवम् मौलिकता थप्ने कार्य गरेको छ । त्यो रोमाञ्चकतामा भोजन गर्न पाउनुलाई सबैले ऐतिहासिक अनुभव मान्ने गरेका छन् ।

नेपालीहरूका लागि पारिवारिक जमघट तथा साथीसंगीहरूसँगको रमाइलो पर्व, उत्सव-गोष्ठी तथा विभिन्न कार्यक्रम गर्न पनि उपयुक्त ३२ रोपनीमा फैलिएको भोजन गृह काठमाडौंको प्राइम लोकेसनमा रहेको छ । स्वस्थकर भोजन तथा लोप हुन लागेका नेपाली परम्परा र सत्कार पाइनु भोजन गृहको विशेषता रहेको छ ।

सम्पर्क

**भोजन गृह प्रालि**
डिल्लीबजार, काठमाडौ
फोन नं. ४४११६०३, ४४११६४२३






# पल कथामा उत्कृष्ट व्यवसायमा असफल

कर्ण शाक्यद्वारा निर्मित 'पल' एउटा असल फिल्म भएर पनि व्यापारिक दृष्टिले सफल हुन सकेन । यसको मुख्य कारण हो- प्रचारप्रसारको कमी । समसामयिक विषयवस्तुलाई ध्यान केन्द्रित गरी लेखिएको कथावस्तु भएको हुँदा यस फिल्मका कथाकार, स्क्रिनप्ले राइटर र निर्माता कर्ण शाक्यले जथाभावी सार्वजनिक स्थलमा पोस्टर नटाँस्ने नीति लिएको हुँदा जनस्तरमा प्रचारप्रसार पुग्न सकेन ।

सबै दृष्टिकोणले फिल्म नयाँ ढंगको उत्कृष्ट भए पनि व्यापारिक



दृष्टिले नचलेको सम्बन्धमा कर्ण शाक्य भन्छन्- 'मैले कमाउनका लागि फिल्म बनाउने अनि सार्वजनिक स्थलमा फोहोर गर्ने अधिकार छ ? हो, कसैलाई प्राप्त नभएको यो अधिकार मैले प्रयोग गर्न चाहिनँ । यसको कारण जनस्तरमा राम्ररी प्रचारप्रसार पुग्न सकेन । फलस्वरूप फिल्मले व्यावसायिक सफलता पाउन सकेन ।'

हुन त पल फिल्मलाई नेपाल सरकारले स्पेशल फिल्म अवार्ड प्रदान गरिसकेको छ र मलेसियामा आयोजित कार्यक्रममा पनि यो फिल्म सम्मानित भइसकेको छ । यस वर्ष पर्यटन विकास बोर्डद्वारा आयोजित राष्ट्रिय चलचित्र पुरस्कारमा पलको कथा छानिएको थियो र राष्ट्रपति डा. रामवरण यादवले कथातर्फको पुरस्कार यसका कथाकार कर्ण शाक्यलाई प्रदान गरेका थिए ।

पल प्रचलित नेपाली चलचित्रभन्दा अलि फरक धारमा निर्माण गरिएको थियो । यो फिल्म पाल्पाबाट जितेर आएका सांसद कृष्णमान, उनकी श्रीमती चम्पादेवी, छोरा दीपक, बुहारी सुष्मा र उनीहरूसँग सम्बन्धित अन्य पात्रहरूको कथामा आधारित छ । श्रीमतीको दबाबमा कृष्णमानले गलत काम गरेर छोराको विवाहका लागि खर्च जुटाउने क्रममा भूमाफियाहरूलाई सहयोग गर्छन् ।

आमाबाबुको निरन्तर दबाबका कारण दीपक स्पष्ट बोल्न नसक्ने अन्तर्मुखी बन्छ । उसको विवाह आधुनिक विचार बोकेकी सुष्मासित हुन्छ । सुष्माले एउटा धनाढ्य बाबुको बिग्रेको छोरा जितु र उसको साथी चुत्रेको संगतमा लोग्नेको घर छाड्छिन् । मध्यान्तरअगाडि नकारात्मक सोचबाट प्रभावित भई फिल्म अगाडि बढ्छ र थुप्रै मार्मिक घटनाक्रमपछि फिल्म दु:खान्तमा परिणत हुन्छ ।

मध्यान्तरपश्चात फिल्म उल्टो घुम्छ र जहाँबाट सुरू भएको थियो, त्यहाँ एकछिन् टक्क रोकेर सकारात्मक परिवेशबाट कथाको अर्को पाटो सुरु हुन्छ । 'हुन्छ' भन्नुपर्नेमा 'हुँदैन' र 'सकिन्छ' भन्नुपर्नेमा 'सकिँदैन' मात्र भन्दा जीवनमा कति परिवर्तन आउँदो रहेछ भन्ने यथार्थ प्रस्तुतीकरण यो फिल्ममा गरिएको छ ।

फरक धारको फिल्म भएकोले नेपाली बौद्धिक वर्गले यसलाई धेरै रूचाएको थियो । यो फिल्मका सम्बन्धमा वरिष्ठ साहित्यकार अशेष मल्ल भन्छन्- 'पलको पटकथा सुरूदेखि अन्त्यसम्म मैले पढें । राम्रो निर्देशन भएमा र पात्रहरूले पनि न्याय गरी आ-आफ्नो भूमिका निर्वाह गरेमा यो फिल्मले नेपाली सिने जगत्मा एउटा नयाँ आयाम थप्नेमा म विश्वस्त छु ।'

पल फिल्म अवलोकनपछि चिन्तक एवं वरिष्ठ पत्रकार भैरव रिसालले भनेका छन्- 'पल हेर्दाहेर्दै झण्डै आँसुको भल बगेको । कर्ण (कर्ण शाक्य) र तीर्थ (डा. तीर्थबहादुर श्रेष्ठ) सँगै थिए र त गहमात्र भरिए, मुटु भक्कानियो, श्वासप्रश्वास असामान्य भयो, म आफै आफैमा हराएँ । पूर्वार्द्ध निषेधको र अन्त्यार्द्ध समर्पणको । कति प्रभावकारी पध्यान्तर ! असहजजस्तोको पराकाष्ठा ! कस्तो विलक्षण संश्लेषण ! यो पल हेर्न राजनेताहरूलाई रोक लगाउँ ! नत्र सप्रलान् उनीहरु ! हैन र ? नेता सप्रे नेपाल सप्रन्छ, नेतृत्वमण्डली नसप्रेर नै त हो नेपाल सप्रन नसकेको । पलले मलाई यही सन्देश प्रवाह गर्‍यो ।'

यसै गरी वरिष्ठ साहित्यकार स्व. जगदीश घिमिरेले भनेका थिए- 'पल यति रमाइलो छ कि यो हेर्दा मैले समय बितेको पत्तै पाइनँ । यो चलनचल्तीका फर्मुलाका आधारमा बनेको सामान्य किसिमको फिल्म होइन । यसको सबभन्दा ठूलो खूबी के हो भने यसले सबै किसिमका दर्शकलाई भरपूर मनोरञ्जन दिनाका साथै समाज र देशका जटिल समस्याहरूको समाधानको सकारात्मक बाटो पनि देखाएको छ ।'




**मध्यान्तरपश्चात फिल्म उल्टो घुम्छ र जहाँबाट सुरु भएको थियो, त्यहाँ एकछिन् टक्क रोकेर सकारात्मक परिवेशबाट कथाको अर्को पाटो सुरु हुन्छ। 'हुन्छ' भन्नुपर्नेमा 'हुँदैन' र 'सकिन्छ' भन्नुपर्नेमा 'सकिँदैन' मात्र भन्दा जीवनमा कति परिवर्तन आउँदो रहेछ भन्ने यथार्थ प्रस्तुतीकरण यो फिल्ममा गरिएको छ।**

वरिष्ठ उपन्यासकार डा. ध्रुवचन्द्र गौतमले फिल्म हेरेपछि यस्तो प्रतिक्रिया जनाएका थिए- 'पल अलग प्रकारको एक सार्थक सिनेमाका रूपमा दर्शकलाई भित्रबाट प्रभावित तुल्याउँदै जीवनका विभिन्न पाटाहरूका दिशा दर्शन गराउने सन्देशमूलक फिल्मका रूपमा पछिसम्म सम्भिरहने एक विशिष्ट चलचित्र हो । यसको प्रत्येक पल सन्देशमूलक छ र समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याउने यो एक सराहनीय सिनेमा हो ।'

संरक्षणविद् डा. तीर्थबहादुर श्रेष्ठले पनि फिल्म हेरेपछि यस्तै सकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए- 'जिन्दगीको महत्वपूर्ण पलमा बिराएको एउटा पाइलाले कसरी अनिष्ट ल्याउँदछ अर्का पलहरूलाई र त्यही पलमा चालिएका सही पाइलाले जीवनलाई नै कसरी सुन्दर बनाउँछ भन्ने धरातलीय सत्यलाई पल फिल्मले स्पष्ट पारेको छ । फिल्मको कथावस्तुले पाइला बिराएका नेताहरूलाई अवश्य च्वास्स छुने छ । चलचित्र प्रस्तुतिको सर्वथा नवीनतम शैलीले आफ्नो सन्देशलाई अझ धारिलो साँध थप्न सफल भएको छ ।'



## Wide coverage of more than 20 districts from Himal to Terai




**Coverage beyond border via www.cfmonair.com with 100,000 listeners/visitors.**


capitalFM™ 92.4 cent percent yours.....


P.O.Box.11276
Thapagaun, New Baneshwor, Kathmandu
Ph.01-4475345/01-4475346
Email: info@cfmonair.com

चर्चित उपन्यास

# आर्या

बजारमा उपलब्ध छ।



"तिमीभित्रको अथाह मायाको भोको छु म । कहिले रित्तो हुँदैन मायाको भण्डार, जति झिकेर दियो त्यति नै चुलिन्छ, यसको उचाइ । माया कहिले पनि नमर्ने अजम्बरी अनुभूति हो । यसको शालीनता हर ऋतुहरूसँगै फुल्ने फूलको सुन्दरता र पवित्र बास्नासँग मगमगाइरहेको हुन्छ । आर्या ! प्रेमलाई नमार ! प्रेम जीवन माधुर्यको दिगन्त स्रोत हो । अनुरागको रंगमा घोलिदिए प्रेम वासनाले मगमगाउँछ । प्रेम र वासना दुई अलग अुभूति हुन्, म तिमीलाई त्यो चेतनाको आलोकबाट पुज्दछु ताकि तिमीलाई मायाको बोधले दिव्यानन्दको अनुभव होस् । वासनामय छ, यो भौतिक संसार तर तिमीभित्रको प्रेमको चिराग वासनाको वृत्तभन्दा माथि उठेको छ ।"

**लक्ष्मण सिटौला, उपन्यासकार**

सम्पर्क : भिजन पब्लिकेशन, ९७४१०१६३३९, ९८५११२१४२६



■ शब्द/तस्वीर : क्याप्टेन वेद उप्रेती

# ल्हासा हुँदै सगरमाथा

ल्हासाको सौन्दर्यले त्यहाँ पुग्ने जोसुकैको मुटु र दिमागभित्र जीवनभरि छाप पार्दछ भन्ने कुरा मैले स्कुल पढ्दादेखि नै सुन्दै आएको थिएँ । हान्स क्रिस्चियन आन्डर्सन नामका लेखकले 'यात्रा गर्नु नै जिउनु हो' भनेजस्तै म संसारका विभिन्न स्थानको यात्रा गर्न लालायित हुने गर्छु र सोही अनुसार सन् २०१२ को कार्तिक महिनामा जादुमयी शहर ल्हासातिर लागें ।

सुन्दर र विशाल सगरमाथा र लामो हिमशृंखलाका सयौं टाकुराहरु पार गरेर तिब्बतमाथि उड्दाका दृश्यहरु मेरो मानसपटलमा सधैंका लागि बसेका छन् । लामो समयदेखि विदेशीहरूका लागि निषेधित ल्हासाको पोताला दरबार र जोखाङ मन्दिरले यस क्षेत्रलाई सुनमाथि सुगन्ध थपेको आभास हुन्छ । चाहे संसारका जुनसुकै स्थानबाट आएका किन नहुन्, सबै विदेशी मन्त्रमुग्ध हुन्छन् ल्हासामा । नेपालकी छोरी भृकुटी तिब्बती महारानी भएकीले नेपालीहरूका लागि ल्हासाले एक विशेष प्रकारको लगाव पैदा गर्छ । महारानी भृकुटीका प्रतिमाहरु ल्हासाका कैयौं ठाउँमा देख्न पाइन्छ । यसले नेपालीलाई छुट्टै प्रतिष्ठा र गौरवको अनुभूति दिलाउँछ ।

ल्हासा ओर्लेको पहिलो दिनमै मेरा गाइडले पोताला दरबार लिएर गए । संसारकै सबैभन्दा अग्लो स्थानमा रहेको दरबार र दलाई लामाको पूर्वनिवासस्थान भएकोले

















यो दरबार हेर्न विदेशीहरूको भुइँचो थियो । शहरको केन्द्र भागमा रहेको सानो डाँडामा अवस्थित पोताला दरबारबाट सूर्यास्तको बेला ल्हासा शहर निकै सुन्दर देखिन्थ्यो । यो दृश्य हेर्दै र यसलाई भविष्यपर्यन्तका लागि क्यामरामा समेट्दै पर्यटकहरु रमाइरहेका थिए । त्यसपछि सातौं शताब्दीमा बनेको तिब्बतको सबैभन्दा पुरानो जोखाङ मन्दिर घुमेर होटल फर्किंदा आफूलाई अर्कै संसारमा पुगेको महसुस भयो ।

अर्को दिन फेरि एक पटक जोखाङ मन्दिर पुग्दा सबै भिक्षुहरूले 'ओम पदमे हम' मन्त्रोच्चारण गरिरहेको टाढैबाट सुन्न सकिन्थ्यो । यो पवित्र मन्त्रले वातावरणलाई नै पवित्र बनाएको थियो । मन्दिरभित्रको आकर्षक दृश्यहरु र महारानी भृकुटी र राजा श्रङचङ गम्पोको सालिकले सबै नेपालीहरूको ध्यान आकर्षित गर्छ । यस मन्दिरको छानाबाट ल्हासा शहर र पोताला दरबार औधी सुन्दर देखिन्छ ।


मन्दिरबाहिर आएपछि बारखोर बजार र तिब्बती जीवनशैली हेर्न पाउँदा निकै रमाइलो अनुभूति भयो ।

पोताला दरबार बाहिरबाट जति राम्रो र भव्य देखिन्छ, त्योभन्दा सुन्दर भित्र देखिन्छ । पोतालाभित्रको म्युजियममा रहेका पेन्टिङ र प्रतिमाहरूका कारण यसलाई संसारकै सबैभन्दा उत्कृष्ट बुद्धिष्ट संग्रहालय भन्नमा हिचकिचाउनु पर्दैन । करिब दुई घण्टाको अवलोकनपछि म पोताला दरबारबाट बाहिरिएँ तर त्यसले सधैंका लागि मेरो मानसपटलभित्र गहिरो छाप छाडेको छ ।

ल्हासा घुमेपछि त्यहाँबाट ग्यानत्से हुँदै सिगात्से पुग्न जिपबाट ३५१ किमि यात्रा पूरा गर्न आठ घन्टा लागेको थियो । लामो समयसम्म व्यापारिक केन्द्र रहेको सिगात्सेमा गुम्बाहरु पनि निकै आकर्षक थिए । एक दिन त्यहाँ बसेर अर्को दिन टिङ्ग्री हुँदै ३६० किमि पार गरेर रोङ्बुक पुगें । संसारकै अग्लो चुचुरो देखिन थालेपछि यात्रा अझै रोमाञ्चक बन्यो । राङ्बुकबाट १५ मिनेट जिप यात्रापछि एभरेष्ट बेस क्याम्प पुगेर नजिकैबाट सगरमाथा हेर्दा निकै गर्व लाग्यो । किनकि त्यो नेपालको हिमाल थियो । सूर्यास्तका कैयौं फोटोहरु खिचेर राति टेन्टभित्र सुत्दा आफू सगरमाथा चढ्न हिँडेजस्तो महसुस पनि गर्न पुगें ।

दुई-तीन दिनपछि झङमु, तातोपानी हुँदै काठमाडौं पुगेसम्मको एक हप्ताको यात्रालाई अहिले स्मरण गर्दा अर्कै संसारमा पुगेको अनुभूति हुने गरेको छ । मैले अहिलेसम्म संसारका जे जति स्थानको यात्रा गरेको छु, तीमध्ये ल्हासा हुँदै सगरमाथा बेसक्याम्पसम्मको यात्रा भिन्दै रोमाञ्चकताले भरिएको छ । तिब्बत यात्रामै मलाई दार्शनिक अगस्तिनको भनाइ सार्थक लागेको थियो । उनले भनेका थिए- 'संसार एक पुस्तक हो, जो यात्रा गर्दैन उसले एक पाना मात्रै पढेको हुन्छ ।'

# स्मार्टफोनबाट काठमाडौं नियाल्दा



नेपाल रमणीय दृष्य र पुरानो इतिहास भएको साँस्कृतिक मुलुक हो । यो पर्वतारोहीका लागि स्वर्ग मात्र होइन फोटोग्राफरलाई पनि सबैभन्दा मनपर्ने मुलुक हो । त्यस्तै एक सामान्य फोटोग्राफर तथा सामान्य स्मार्टफोन मात्र बोकेकी चिनियाँ युवती ल्यू वान चनले पनि नेपालको यात्रामा धेरै सुन्दर फोटो खिचेकी छिन् ।

२७ वर्षीया ल्यू वान चनको शाङ्घाईमा फोटो स्टुडियो पनि छ । तर उनी जटिल मेसिन र डिजिटल प्रविधिको प्रयोग गर्दिनन् । उनको विचारमा कुनै मेसिनले आँखाका लागि क्षणभरको तस्वीर मात्र दिन्छ । फोटो खिच्न स्मार्टफोन प्रयोग गर्न मन पराउनुको कारणबारे उनी भन्छिन्- 'अति सुन्दर मनोरम दृष्यको अवस्थामा परिवर्तन आइरहेको हुन्छ । त्यस दृष्य एक सेकेन्डमा परिवर्तन हुन्छ । यो समय अति छोटो छ । यस छोटो समयमा तपाईलाई व्यावसायिक मेसिनको तयारी गर्न समय पुग्दैन । मेसिनको समायोजन गर्न पनि समय लाग्छ । हरेक दिन त्यस्ता मेसिनको सदुपयोग गर्न सकिंदैन । स्मार्टफोनमा पनि त्यस्ता प्रविधि समावेश

ल्यू वान चन युरोप, जापान लगायतका विकसित मुलुक गइसकेकी छन् । तर उनले सबैभन्दा मिस गरेको मुलुक नेपाल हो । भ्रमण गरेका सबै मुलुकमध्ये नेपाल मात्र फेरि एक पटक जाने इच्छा छ उनको । नेपालसम्बन्धी अनुभव सुनाउँदै उनी भन्छिन्- 'नेपाल भ्रमणले मलाई धेरै अचम्म तुल्यायो । पहिले विकसित मुलुक मात्र गएकी थिएँ । अनि नेपाल पुगेर अर्को अनुभव सँगाल्ने विचार गरेकी थिएँ । त्यहाँको प्राकृतिक दृष्य वा वातावरणबाट भिन्न अनुभव पाएँ । त्यहाँका केही दृष्यले मलाई चकित तथा रोमाञ्चित बनायो ।'

नगरिएका होइनन् तर पूर्ण रूपमा तिनको प्रयोग गर्न सकिंदैन । त्यसैले हरेक दिन असंख्य दृष्यहरु समेट्न पाइँदैन ।

नेपाललाई आफ्नो गन्तव्यस्थल बनाउनुको कारण साथीले शेयर गरेको फोटो भएको उनी बताउँछिन् । ल्यू वान चनलाई त्यस फोटोले आकर्षित गऱ्यो । उनी भन्छिन्- 'साथीहरूले नेपालमा केही फोटो खिचेका थिए । मैले हेरें, मलाई अचम्म लाग्यो । नेपाल फोटोमा देखिए जस्तै रमणीय छ र भन्ने लाग्यो ।'

त्यसैले सन् २०१४ को मार्चमा ल्यू वान चनले एउटा स्मार्टफोन बोकी नेपालको यात्रा गरिन् ।

उनी युरोप, जापान लगायतका विकसित मुलुक गइसकेकी छन् । तर उनले सबैभन्दा मिस गरेको मुलुक नेपाल हो । भ्रमण गरेका सबै मुलुकमध्ये नेपाल मात्र फेरि एक पटक जाने इच्छा छ, उनको । नेपाल सम्बन्धी अनुभव सुनाउँदै उनी भन्छिन्- 'नेपाल भ्रमणले मलाई धेरै अचम्म तुल्यायो । पहिले विकसित मुलुक मात्र गएकी थिएँ । अनि नेपाल पुगेर अर्को अनुभव सँगाल्ने विचार गरेकी थिएँ । त्यहाँको प्राकृतिक दृष्य वा वातावरणबाट भिन्न अनुभव पाएँ । मानिस तथा केही जानकारी राखेको सँस्कृति र इतिहास पनि भिन्न छ । तर मुख्य कुराचाहिँ त्यहाँका मानिसहरूको चालचलन र तिनीहरूको जीवनको दृष्य हो । त्यहाँका केही दृष्यले मलाई चकित तथा रोमाञ्चित बनायो ।'




चिनियाँ भाषामा लेखिएका संकेत-बोर्ड तथा जटिल बाटो भएको काठमाडौंको केन्द्र भाग ठमेलबाट निस्केर ल्यू वान चन एक्लै वरिपरिको सानो गाउँ घुम्न गइन् । उनी नेपालको गाउँले जीवन बिताउन चाहन्छिन् । साथै स्मार्टफोन मार्फत त्यहाँका दृष्यहरु समेट्न चाहन्छिन् ।

उनी अरू फोटोग्राफरभन्दा फरक छिन् । ल्यू वान चनको स्मार्टफोनमा माछापुच्छ्रे हिमाल र फेवा तालको फोटो छैन । उनको फोन विभिन्न अनुहार र सडकको दृष्यले भरिएका छन् । 'मेरो विचारमा कुनै पनि कुरा व्यक्तिको फोटोको तुलनामा रमाइला हुँदैन । व्यक्तिको चित्रले धेरै कुरा बताउँछ र यो असीमित छ । प्राकृतिक दृष्य सुन्दर र रमणीय मात्र हो । मान्छेका फोटोहरु भिन्न-भिन्न हुन्छन् । यस्ता विविध फोटोहरूले एक किसिमको ताजगी दिन्छ', फोटो बारेको उनको परिभाषा मौलिक छ ।

ल्यू वान चनको स्मार्टफोनमा थकित, आशातीत आदि किसिमका अनुहारभाव छन् । उनी सामान्यतया फोटो खिचेर त्यसै व्यक्तिसँग कुराकानी गर्छिन् । त्यसपछि फोटोमा देखिएको अनुहारको भावबारेमा केही जानकारी राख्छिन् । 'उदाहरणका लागि मैले एक सानी केटीसँग फोटो खिची उनीसँग हल्का कुराकानी गर्छु । त्यसरी उनी र उनको भावना बारेमा केही थाहा पाउँछु । दश मिनेटअघि त्यस सानी केटीकी आमाले उनलाई पैसा दिएकी थिइन् । सानी केटीले त्यो पैसा दाजुलाई दिएपछि दाजु उनका लागि चकलेट किन्न गए । त्यसैले सानी केटी यहाँ दाजुलाई पर्खदै छिन् । त्यसैले यस फोटोमा सानी केटीको अनुहारभाव आशातीत छ', उनी आफ्नो फोटोकलाबारे जानकारी दिन्छिन् ।

एक फोटोग्राफरको हैसियतमा यसबेला उनको काम वरिपरिको वातावरणको सदुपयोग गरी उपयुक्त दृष्यको संरचना गर्नु र त्यसलाई आफ्नो फोनमा समेट्नु हो ।

ल्यू वान चनलाई नेपाल मनपर्नुको कारण के हो भने- तीव्र गतिको ठूलो शहरमा जीवनयापनको क्रममा रिल्याक्स गर्ने तथा आनन्दित हुने समय छैन । काम र जीवनका विभिन्न दबावको कारणले पनि नेपालको भ्रमण सार्थक छ । नेपालीहरूको शुद्ध, पवित्र तथा मैत्रीपूर्ण भावनाको हालसम्म पनि उनी सम्झना गर्छिन् । यसो सम्झदा पनि उनलाई आनन्द लाग्छ रे । नेपाललाई सम्झेर पुग्दैन, फेरि पनि जानुपर्छ र अझ धेरै फोटो खिच्नुपर्छ भन्ने उनको धारणा छ । भन्छिन्- 'त्यसैले मेरो विचारमा फेरि एक पटक जानुपर्छ । अवश्य नेपाल फेरि एक पटक जानेछु ।'

*(साभार : सीआरआई नेपाली सेवा)*



**सिगाच्छे क्षेत्रको जिलुङ जिल्लामा पर्ने जिलुङ सुक्खा बन्दरगाह चीन-नेपाल सीमा व्यापारको महत्वपूर्ण बाटो हो । सन् १९८७ मा यसलाई राज्य परिषद्द्वारा राष्ट्रिय प्रथम स्तरीय सुक्खा बन्दरगाह मानिएको थियो । केही वर्षयता तिब्बत स्वायत्त प्रदेशीय सरकारले दक्षिण एशियाका विभिन्न मुलुकसँग आवत-जावत तथा सहयोगलाई बढाएर बन्दरगाह निर्माणलाई प्रबर्द्धन गरी जिलुङ बन्दरगाह क्रस-सीमा आर्थिक सहयोग क्षेत्र निर्माणमा सक्रिय योजना तयारी गरेको छ ।**

## समृद्धि यात्राको कोसेढुंगा

# जिलुङ बन्दरगाह


तिब्बत स्वायत्त प्रदेशको सिगाच्छे दक्षिण-पश्चिमी चीनमा पर्दछ । यो चीनको महत्वपूर्ण सीमा व्यापारी क्षेत्र पनि हो । भारत, नेपाल, भुटान यी तीन मुलुकसँग जोडिएको सिगाच्छेमा हाल चारवटा सुक्खा बन्दरगाह छन्- जिलुङ, खासा, यातुङ तथा रऊ । केही वर्षयता परिवहन, व्यवस्थापन तथा गोदाम क्षमता बढेको छ भने व्यापारिक सम्बन्धमा पनि लगातार सुधार भएको छ । साथै तिब्बत र नेपालबीचको सीमा व्यापारको मात्रामा पनि क्रमशः वृद्धि भइरहेको छ । हालै आयोजित एउटा पत्रकार सम्मेलनमा तिब्बत स्वायत्त प्रदेशीय जन कंग्रेस स्थायी समितिका उपाध्यक्ष एवं चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समिति अन्तर्गत सिगाच्छे शाखा समितिका अध्यक्ष तान चङ लाङ च्येले यसै वर्ष तिब्बत र नेपालबीच सीमा व्यापारिक अवस्थाबारे जानकरी दिएका थिए ।

यो वर्ष तिब्बत स्वायत्त प्रदेश र नेपालबीचको व्यापार ठूलो मात्रामा वृद्धि भएको छ । तिब्बतमा नेपाली सामग्री निकै लोकप्रिय छन् । नेपाली प्रविधि असल छ र गुणस्तर पनि राम्रो छ । तिब्बती सामग्रीहरु पनि नेपालमा लोकप्रिय भएका छन् । यसै कारण दुई देशबीचको व्यापार वृद्धि भएको मान्न सकिन्छ ।

सन् २०१३ सेप्टेम्बरमा चीनको तिब्बत-नेपाल आर्थिक तथा व्यापारिक गोष्ठी सिगाच्छेमा आयोजना भएको थियो । सो अवसरमा कूल व्यापारिक मात्रा एक करोड ८९ हजार आठ सय चिनियाँ युआन पुगेको जानकारी गराइएको थियो । यो परिणाम सन् २००९ को भन्दा तीनसय प्रतिशत बढी हो । साथै आयात-निर्यात व्यापारिक अनुबन्ध-पत्र वा सम्बन्धन सम्झौता सम्पन्न भएपछि तीन करोड ८९ लाख तीस हजार अमेरिकी डलर पुगेको छ । यो सन् २००९ को भन्दा ८६.५४ प्रतिशत बढी हो ।

सिगाच्छे क्षेत्रको जिलुङ जिल्लामा पर्ने जिलुङ सुक्खा बन्दरगाह चीन-नेपाल सीमा व्यापारको महत्वपूर्ण बाटो हो । सन् १९८७ मा यसलाई राज्य परिषद्द्वारा राष्ट्रिय





प्रथम स्तरीय सुक्खा बन्दरगाह मानिएको थियो । केही वर्षयता तिब्बत स्वायत्त प्रदेशीय सरकारले दक्षिण एशियाका विभिन्न मुलुकसँग आवत-जावत तथा सहयोगलाई बढाएर बन्दरगाह निर्माणलाई प्रबर्द्धन गरी जिलुङ बन्दरगाह क्रस-सीमा आर्थिक सहयोग क्षेत्र निर्माणमा सक्रिय योजना तयारी गरेको छ । जिलुङ बन्दरगाह निर्माण अवस्थाबारे चर्चा गर्दै सिगाच्छे वाणिज्य ब्युरोका प्रमुख दोन चुले केही वर्षयता तिब्बत स्वायत्त प्रदेश सरकार तथा सिगाच्छे क्षेत्रका सम्बन्धित विभागको निर्देशनमा जिलुङ सुक्खा बन्दरगाह निर्माणकार्य भइरहेको जानकारी दिए ।

दोन चुका अनुसार सन् २०१४ जुलाई महिनासम्म जिलुङ बन्दरगाहमा विभिन्न आधारभूत कार्य पूरा हुनेछ । त्यसमा यातायात निर्माण, बिजुली स्टेसन, भन्सार र निरीक्षण आदि सम्बन्धित विभागको स्थापना कार्य पर्दछन् । आगामी अगष्ट महिनाको अन्त्यअघि नेपाल सरकारसँग समन्वय कार्य पनि पूरा हुनेछ । आगामी अक्टोबरसम्ममा सम्पूर्ण कार्य र अझै सुधार सेवा रहेको आधुनिक सुक्खा बन्दरगाह अर्थात् जिलुङ बन्दरगाह औपचारिक रूपमा संचालनमा आउनेछ ।

विशेषज्ञको विचारमा जिलुङ बन्दरगाह क्रस-सीमा आर्थिक सहयोग क्षेत्रबाट जिलुङ बन्दरगाहको व्यापारलाई परम्पराबाट आधुनिक बनाउन सकिन्छ । दक्षिण एशियाली स्थलमार्ग व्यापार बाटो खुला गर्न यसले महत्वपूर्ण अर्थ बोकेको छ । साथै छिङ हाइ-तिब्बत रेलमार्गको शाखा लाइन ल्हासा-सिगाच्छे रेलमार्गको निर्माण कार्य सुरू भएपछि उक्त बन्दरगाह चीन र दक्षिण एशिया बजारबीच सम्पर्क मार्ग पनि हुनेछ । यसबाहेक सीमा व्यापारमा वृद्धि भएपछि क्षेत्रीय पर्यटन उद्योगलाई ठूलो पर्यटक स्रोत हुनेछ, साथै जिलुङ बन्दरगाहको प्रसिद्धि र विश्वमा बन्दरगाहको प्रभावलाई बढाउनेछ । क्रस-सीमा सहयोग क्षेत्रको निर्माणबाट स्थानीय आवश्यक प्रबन्ध र सेवा प्रबन्धको निर्माण गर्न सकिन्छ र स्थानीय बासिन्दाको जीवनस्तरमा सुधार गर्न पनि सहयोग मिल्नेछ ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# तीन आँखाको मान्छे मनमोहिनी मा

मुलुकको प्रतिष्ठित नोबेल कलेज तथा नोबेल अस्पतालका फाउन्डर डाइरेक्टर उत्तम भौकाजीको अर्को परिचय साहित्य हो । साहित्यमा विशेषतः कविता तथा गीतको अलावा नियात्रा लेखनमा भौकाजीको विशेष दखल रहेको छ । २०४५ सालबाट गीत लेख्न सुरू गरेका भौकाजीको साहित्य लेखन 'तीन आँखाको मान्छे' कृतिबाट सार्वजनिक भएको हो ।

राजेन्द्र पराजुली र विमल भौकाजीसँग मिलेर संयुक्त रूपमा निकालिएको उक्त कृतिले तहल्का मच्चाएपछि तीनैजनाको प्रयासबाट २०४७ सालमा 'जिन्दावाद-मूर्दावाद' नामक अर्को कृति निकाले । उक्त कृति त्यो बेलाका लौहपुरूष सर्वमान्य नेता गणेशमान सिंहबाट विमोचन भएको थियो । त्यसको तीनवर्ष पश्चात बलराम बन्जारा, विमल भौकाजीसँग मिलेर 'यात्रापछि यात्रा' नामक साहित्यिक संग्रह निकाले ।

दुई दशकपछि आएर मात्र गत वर्ष एकल कविता संग्रह 'यात्रामा म पनि' निकालेका उत्तमले यसबीचमा 'स्पर्श' र 'वर्डस्' नामक गीति-एल्बम बजारमा ल्याइसकेका छन् । हाल तेस्रो गीति-एल्बम 'मनमोहिनी'लाई बजारमा ल्याउने तर्खरमा रहेका छन् । स्वरूपराज आचार्यको एकल गायन तथा संगीत र भौकाजीको एकल गीत-रचना रहेको मनमोहिनीमा गोपाल रसाइलीको एरेन्ज रहेको छ ।

अरू एल्बममा शब्दमा संगीतको प्रयोग हुनेगरे पनि मनमोहिनीमा भौकाजीले संगीतमा शब्दको प्रयोग गरेका छन् । धुन तयार भएपछि मात्र उक्त धुनलाई सुहाउँदो शब्द चयन गरेर फटाफट लेख्ने कार्य उनीबाट भएको छ । जसमा दुईजना

बाहेक तेस्रो व्यक्तिको उपस्थिति छैन । वियोगको कथा तथा व्यथा यस एल्बमका गीतमा रहेका छैनन् । खुसी र रमाइलो मात्र रहेको जानकारी उनले दिए ।

रामेछापको साँघुटारको हिमगंगा माध्यमिक विद्यालयबाट एसएलसी पास गरेर २०३९ सालमा कलेज पढ्न काठमाडौं झरेका भौकाजीले नेपाल ल कलेजबाट बीएलसम्मको अध्ययन पूरा गरेका छन् । कानुनमा स्नातक गरे पनि कानुन व्यवसायी नबनेका भौकाजीले वकालत गर्न पाउने लाइसेन्स नलिई काठमाडौंको न्युरोडमा स्काई ल्याब नामको औषधि पसल सुरू गरे । यो व्यवसाय उनको जीवनकै कोसेढुंगा सावित भयो । डाक्टर पुष्करराज सत्यालको दुःखद निधन भएपछि औषधि व्यवसायलाई बिराम लगाएर नोबल प्लस-टु कलेजको शैक्षिक साझेदारी व्यवसायमा उनले हात हालेयता जीवनलाई फर्केर हेर्नु परेन । प्लस-टु कलेज हुँदै स्कुल र अस्पतालसम्म स्थापना गर्न सफलता पाएका उनलाई स्कुल-कलेज अनि अस्पतालको कार्यमा भ्याइनभ्याई भएको छ । नोबेल एकेडेमीको प्लस-टु डाइरेक्टर समेत भएबाट प्लस-टुको भर्ना समयमा उनको व्यस्तता अझ बढ्ने गर्छ ।

यही व्यस्तताले गर्दा जीवन संगिनी शर्मिला श्रेष्ठको असार १८ गतेको जन्मदिनलाई समेत भुलेपछि त्यसको दुई दिनपछि मात्र मनाएको रोचक प्रसंग उनले सुनाए । अघिल्ला वर्षभन्दा यो वर्ष निकै व्यस्त हुनु परेको अनुभव उनी आफैले गरेका छन् । कुनैबेला



भौकाजीको औषधि व्यवसायको सबै जिम्मेवारी बोकेर काँध हल्का बनाउने गरेकी जीवन संगिनी शर्मिला पनि लालुपाते कलर ल्याब, घर-आँगन मिठाई भण्डार र काइट फेन्सी सपसँग आवद्ध छिन् ।

विवाह भएको पच्चीस वर्षको अर्थात् रजत वर्ष गत वर्ष अमेरिकामा तीन महिना भौकाजीकै शब्दमा 'राउटे जस्तो' घुमेर मनाएको त्यो क्षणलाई दुवैले बिर्सेका छैनन् । त्यसै यात्राको प्रभावस्वरूप अमेरिकाको परिवेशमा लेखिएको उपन्यास प्रकाशनको तयारीमा छ । यो उनको पहिलो उपन्यास हुनेछ । छोरा अंकित सीए र छोरी प्रियंकाले बीबीए सकाउन लागेकोमा दुवै दंग छन् । एक अर्काप्रतिको विश्वास र समर्पण नै सही अर्थमा दुवैले सफलताको प्रतीक मानेका छन् । जिन्दगी रहरले बाँच्नु पर्दछ, करले होइन भन्ने भौकाजी जे-जस्तो जिन्दगी बाँचिरहेका छौं, त्यो रहरले बाँचिरहेको खुलासा गर्छन् ।

*-स्मृत*



तस्वीर : आशाकाजी महर्जन








Wood Carving Industries Pvt. Ltd.
Patan Industrial Estate
Lagankhel, Lalitpur, Nepal
Tel:977-1-5521447, 5523768
Fax: 977-1-5527730
Email: info@woodcarving.com.np
www.woodcarving.com.np


www.timesfm906.com
Every Morning 5am
POP
Nepal
SPICE UP your morning
timesFM
90·6 MHz
FM
9|0.6
MHz
Only tune on
timesFM
90·6 MHz
'u deserve better'

# A COLORFUL FUTURE AHEAD

## Unique Chance to Change Your Parlour to Beauty Academy

Get Experienced, Successful, Professional Make Up, Artist/Hair Stylist as your mentor



SILVER FACIAL KIT


FACIAL KIT FOR BLEMISHED SKIN


GOLD FACIAL KIT



HAIR KIT FOR SPA


FRUIT FACIAL KIT


DIAMOND GLOW FACIAL KIT


BODY KIT FOR SPA


PEARL FACIAL KIT


Facial Kit
PIMPLE / ACNE PRONE SKIN


Facial Kit
INSTANT GLOW



**Impulse Trading Pvt. Ltd.**

Khichapokhari, Kathmandu, Nepal | Phone: 977-01-4254081

Biratnagar: Aryan Store
Ramesh- 9842088845, 9842494727

Butwal: Shree Asta Vinayak Traders
Santosh- 9807495773

Narayanghat: Aakriti Sukriti Beauty Parlour
9845244451

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

*pictures beyond your imagination...*

*Make your Wedding day ...*
*a day to Remember with*

तस्वीर the studio

& Get Free photoshoot and 2 enlarged photo print (8x12 size)

*Remember us for*
*Wedding Photography,*
*Videography,*
*live video and*
*other any programs*





Also specialized making Photo books.

Bagbazar Plaza, Bagbazar, Kathmandu, NEPAL
Tel: +977-1-4245493
Mail: info@tasveer.com.np, Web: www.tasveer.com.np